साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY


माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ४४ २०८३ जेठ २६ गते मंगलबार *(June 9, 2026)* मूल्य रू. १०/-

## पुराना पार्टीहरू आन्तरिक कलहमै

चुनावबाट मधेशवादी पार्टीहरू बढारिए । राप्रपाजस्तो पार्टीले एक सिट जितेको छ । खासगरी नेपाली कांग्रेस, एमाले, नेकपा (माओवादी) पाहा पछारिएझैं पछारिएका छन् । मधेशवादी, ठूला र पुराना भनिएका पार्टीहरू सत्तामदमा उफ्रदा उफ्रदै तावाबाट आगाको भुङ्ग्रोमा खस्न पुगेका छन् । रास्वपाले जनतासँग गरेको करार र वाताअनुसार काम गर्न पायो भने रास्वपा नै मध्यमार्गी प्रजातान्त्रिक मूलधारको पार्टी सावित हुनपुग्नेछ । जसरी भारतमा कम्युनिष्ट र कांग्रेस आई सिला खोज्नुपर्ने स्थितिमा पुगेका छन्, त्यस्तै राजनीतिक परिदृश्य नेपालमा पनि दोहोरिनेछ ।

रास्वपा नेतृत्वको सरकारले ०४६ सालदेखि ०८२ सालसम्मका पदासीन व्यक्तिहरूको सम्पत्ति छानबिन गर्दैछ । नेपाललाई ग्रेलिष्टबाट बचाउन र ध्वजाबाहक वायुसेवालाई कालोसूचीबाट हटाउन पनि दण्डहीनताको अन्त, सुरक्षाको प्रवन्ध र सम्पत्ति शुद्धीकरण अत्यावश्यक छ । सुशासनबिना त्यो सम्भव छैन, सुशासन सरकारको प्रमुख एजेण्डा हो । सरकारको आक्रामक शैलीबाट तर्सिएका पुराना दलहरू एक त तर्सिएका छन्, अर्कोतिर आन्तरिक कलहमा रूमलिएका छन् ।




प्रधानमन्त्री बालेन साहका राजनीतिक सल्लाहकार असिम साहको नेतृत्वमा गठन भएको संविधान संशोधन बहसपत्र तैयार हुँदैछ । राजनीतिक दल, समाजका विभिन्न तह र तप्का, आमजनताले समेत सुझाव दिने क्रम जारी छ । पुराना दलहरूले गर्छु भनेर पनि गर्न नसकेको र असफल भएर किनारामा पुगे पनि परिवर्तनको लागि जनादेशसहित आएको रास्वपाको सरकारले संविधान संशोधनको बहसपत्र तैयार गर्न धेरै अगाडि बढिसकेको छ । तर धेरैको सुझाव छ-

८ वर्ष लगाएर विश्वमै दोस्रोपटक चुनावबाट आएको संविधानसभाको संवैधानिक समितिले देशैभरिबाट संविधानमा समावेश गर्नुपर्ने सुझाव मागे पनि यसरी पोको पारेर राखिएको जनताको सुझावहरूको पोको खोलेर सार्वजनिक गर्नुपर्ने र अहिले पनि जनताको सुझाव लिएर संविधान संशोधनको बहसपत्र तैयार गर्नुपर्छ भनेर आमनागरिकले माग गरिरहेका छन् । यसतिर गम्भीर हुनुपर्ने आवश्यकता छ ।

## नेता र पूर्व प्रशासकको अभिमत



- कांग्रेसका सांसद अर्जुन नर्सिङ केसीले सबैले बुझ्नुपर्ने विषयको उठान गरेका छन् । सबै पार्टीहरूलाई केसीको सुझाव छ- हामी अहिले आएका नयाँ शक्तीहरूलाई लखेटी रहेका छौ तर हामी आफै किन सुधार हुन सकेनौ ? नयाँ आएका शक्तिहरूलाई खेद्नुअघि आफै सच्चिन सक्नुपर्छ ।



- पूर्व मुख्य सचिव बिमल कोइरालाले प्रधानमन्त्री बालेन साहलाई नयाँ भनेको नयाँ नै हो भनेका छन् । प्रधानमन्त्री बालेन साहलाई खादामाला र तामझामको कुनै मतलव छैन । गलत परम्परा भत्काएर नयाँ राजनीतिक संस्कार बसाल्दै छन् । हेर्दा सामान्य लागे पनि यो धेरै ठूलो परिवर्तन हो । यस्तै परिवर्तनले सुशासन आउने हो ।



- पूर्व परराष्ट्र मन्त्रालयमा कार्यरत प्रशासक तथा राजदूतसमेत रहेका डा.रामभक्त ठाकुरले भनेका छन्- बालेन साह अब मधेश र नेपाको छोरो मात्र होइनन्, विश्वमै उनको चर्चा चुलिँएको छ । बालेनप्रति सबैले गर्व गर्नुपर्छ । नेपालदेखि विश्व रङ्गमञ्चमा बालेन शाहप्रति आकर्षण बढेको छ । उनले परिवर्तन ल्याउँछन्, ल्याउँछन् ।

# राजनीतिमा घण्टी बज्यो

रास्वपाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री भनेकै हो, यतिबेला प्रधानमन्त्री बालेन साहको विधिव्यवहार कार्यकारी प्रधानमन्त्रीकै छ । विपक्षीहरू संविधानको ढोल नगारा बजाइरहेका छन्, यथार्थमा संविधान छ पनि छैन पनि । संविधान विपरित अन्तरिम सरकार गठन भएको हो, चुनावमा रास्वपाले जनादेश पायो, सरकार गठन गऱ्यो । बालेन सरकारले संविधान संशोधनको बहसपत्र तैयार गरिरहेको छ, संविधान संशोधन भएपछि बल्ल बैध संवैधानिक शासन सुरू हुनेछ ।

संविधान संशोधनमा राष्ट्रियसभा, संघीयता, धर्मनिरपेक्षता, प्रदेशसभा खारेज गरिने, सांसद मन्त्री बन्न नपाउने, एक व्यक्ति दोस्रोपल्ट मन्त्री बन्न नपाउने, एकजिल्ला एक सांसद, (निर्वाचन आयोगले त १०५ जना सांसद हुनुपर्ने सुझाव दिएको छ ।) जिल्ला समन्वय समिति खारेज, राज्यढुकुटीबाट विदेश भ्रमण, उपचार गर्न बन्देज, भ्रष्टाचार र करणी गर्ने, ज्यानमारालाई फाँसी, एक स्थानीय तह एक ठूलो उद्योग स्थापना, एक वडा एक सानो उद्योगको अवधारणा रास्वपाको हो । यिनै विषयमा रास्वपाले जनतासँग करार गरेको छ, बाचापत्रमा ल्याप्चे ठोकेको छ । यसकारण पनि प्रम बालेन साह म काम गर्न आएको हुँ, काम गर्न देउ भनिरहेका छन् । अत्तालिएका विपक्षीहरू जसरी पनि रास्वपा फुटाउने र सरकार ढाल्ने साजिसमा लागेको देखिन्छ । विपक्षीले कुनै पनि रचनात्मक सुझाव वा मार्ग देखाएको स्थिति देखिदैन ।

विपक्षी आत्तिनु र प्रधानमन्त्री बालेन साहको अभिव्यक्तिलाई लिएर सडकदेखि संसदसम्म हाहाका मच्चाइरहेका छन् । यसरी विपक्षी आत्तिनु र एमालेले शिखण्डीका रूपमा श्रम संस्कृति पार्टीका नेता हर्क साम्पाङलाई प्रयोग गरेको चर्चाले पनि राजनीतिमा ठूलै हल्लाखल्ला भइरहेको छ । तर रास्वपाका सभापति र बरिष्ठ नेता बालेन साहवीचको सहमतिमा अमिलो निचोर्न नसक्नु विपक्षीहरूको नैतिक हार र रास्वपाको विजय मानिएको छ । यसकारण पनि सरकार सुशासनका लागि कम्मर कसेर लागेको छ । प्रम बालेन भन्छन्- म मर्न तैयार भएर आएको हुँ, मलाई कमाउनु छैन, जनताको आँखाबाट बगेको आँसु पुछ्नुछ । सरकार सय दिन पुग्ने निकट छ, सरकारले सुकुमवासीलगायतका समस्यामा समाधान दिन नसक्नु कमजोरी मानिएको छ । सम्भवतः सय दिनकै दिन सुकुमवासीले लालपूर्जा पाउनेछन् । रोजगारीका अनेक ढोकाहरू खोलिदैछन् ।

खुल्न त भ्रष्टाचारका ६० भन्दा बढी फाइलहरू अनुसन्धानमा छन् । यसकारण पनि कांग्रेस, एमाले, माओवादी आदि विपक्षीहरूको भागम्भाग छ । लुकालुक छ ।

स्रोतका अनुसार अब नक्कली भुटानी शरणार्थी, भिजिट भिसा, लाउडा, चेज र वाइडबडी जहाजकाण्ड, सुडान घोटाला, लडाकु शिविर अनियमितता, बाँसवासी-बालमन्दिर-गिरिबन्धु, लिची बगान-शेरा दरवार-पतञ्जली जग्गा-गिरीबन्धु टी स्टेट-ललिता निवास जग्गा-आयल निगम जग्गा-नेपाल ट्रष्ट जग्गा-स्काउट जग्गा-मधेशको साइकल खरिद-थरि थरिका सुन-टेरामक्स, अन्तशुल्क, मेलम्ची काण्डहरूका फाइल खोलेर अनुसन्धान भइरहेका छन् । यी सबै फाइल अनुसन्धान समाप्त हुँदै जाने क्रममा ०४६ सालपछिका ९९ प्रतिशत नेताहरू जेलमा देखिनेछन् । यसकारण पनि रास्वपालाई तोडफोड गर्न र सभापति तथा प्रधानमन्त्रीवीच फूट ल्याउन भीम प्रयत्न भइरहेको छ ।



रास्वपाले ऐतिहासिक जनादेश पाएर स्थिर सरकार बनाएपछि र प्रम बालेन साहले चट्टानी अडान लिएपछि भारतले समेत विकास कुटनीतिलाई महत्व दिएको देखिन्छ । सभापति रवि लामिछानेको भारत भ्रमणपछि नेपालका परराष्ट्रमन्त्री शिशिर खनालको पनि भारत भ्रमण भइसकेको छ । बालेन सरकारको नीति र चाहना स्पष्टसँग भारतले बुझिसकेपछि सम्बन्धमा नयाँपन र शितलता अनुभूति देखिएको छ ।

यसैवीच उत्तरी छिमेकीले पनि परराष्ट्रमन्त्रीलाई चीन निम्त्याएको तर नेपालले प्रष्ट पारिसकेको छैन । नेपालले लिपुलेक, लिम्पियाधुराबारे नेपालको दावी भारतमा पेश गरिसकेको र चीन र भारतले मनलाग्दी गर्न नपाइने प्रष्ट पारिसकेको सन्दर्भमा चीनले पनि नेपाललाई बुझ्न् बुझाउन परराष्ट्रमन्त्रीको चीन भ्रमण हुनुपर्नेमा जोड दिएको छ । नेपालस्थित चीन विज्ञ, सहयोगीहरू प्रम बालेन साहले परराष्ट्रमन्त्रीलाई चीन भ्रमणमा जान अनुमती दिनुपर्नेमा जोड दिइरहेका छन् ।

जेहोस्, बालेन साहको निर्णय, शैली, नीतिप्रति आश्चर्यजनक दृष्टिले हेरिरहेका छन् भने सम्पत्ति शुद्धीकरणदेखि सुशासनसम्ममा ध्यान केन्द्रित गरेको बालेन सरकारले अरू के के नयाँ गर्ने हो भन्ने चासो छ । खासगरी भ्रष्टाचारीहरूको सातो गएको छ । राजनीतिलाई अपराधीकरण गर्नेहरू कमजोर बन्न थालेका छन् । जेनजी विद्रोहपछि बनेको बालेन सरकार र रास्वपाले परिवर्तन ल्याएरै छाड्ने विश्वास जगाएको छ ।

# नेपाल-भारत सम्बन्धमा बिकास कूटनीति सुरू

रास्वपा सभापति रवि लामिछानेलाई निम्त्याएर भारतले जुन महत्व दियो, प्रधानमन्त्री, परराष्ट्रमन्त्री, सुरक्षा सल्लाहकार, भाजपा अध्यक्षलगायतले खुला र गोप्य संवाद गरे, त्यसको लगत्तै परराष्ट्र मन्त्री गएर भारतसँग टेबुल टक मात्र गरेनन्, प्रधानमन्त्री बालेन साहको अभिव्यक्तिको मनसाय स्पष्ट पारे, अनेक सहमतिहरू गरेका छन् । परराष्ट्रमन्त्रीले केही महिनाभित्रै दुबै देशबाट उच्चस्तरीय भ्रमण हुने जानकारी पनि दिएका छन् । प्रधानमन्त्रीले जुन प्रकारको अभिव्यक्ति संसदमा दिएका थिए, ती सबै विषयमा गहन छलफल भएर नेपाल भारत सम्बन्ध सुदृढतातिर उन्मुख भएको कुटनीतिज्ञहरू बताउँछन् ।

नेपाल-भारतवीच व्यापक आर्थिक सहयोग कूटनीति पनि सुरू भएको छ । सहमतिअनुसार भारतले भूकम्पपछि निर्माण गरिदिएको ८४ परियोजना हस्तान्तर भएको छ । सीमापार व्यक्तिगत विप्रेषणलाई सहज बनाउने सहमति भएको छ भने भारतको यूपीआई र नेपालको नेसनल पेमेन्ट्स इन्टरफेसबीच आबद्धता सुरूवात भएको छ । साथै भारतको डिजिटल इन्डिया भाषिनी र काठमाडौं विश्वविद्यालयबीच समझदारी पत्र आदानप्रदान भएको छ । यी सहमतिमा दुबै देशका विदेशमन्त्री साक्षी का रूपमा रहेका छन् ।

परराष्ट्र मन्त्री शिशिर खनालले नेपाल सरकार भारतसँग ठोस सहकार्य



गर्न तयार रहेको जनाउ दिएको छ । साथै सीमापार सम्पर्क, ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन र खेलकुदमार्फत नेपाल भारतबीच सम्बन्धको प्रवर्द्धन गर्न दुबै देश सहमत भएका छन् । आउँदा दिनहरूमा दुबै देशका परराष्ट्रमन्त्रीवीच छलफलको निरन्तरता हुनेभएको छ ।

**परराष्ट्रमन्त्रीको गजबको क्षमता**

भ्रमणका क्रममा भारतीय मिडियाले नेपाली दूतावासमा आयोजित पत्रकार सम्मेलनमा सोधेको प्रश्नमा परराष्ट्रमन्त्री खनालको जवाफ थियो- नेपाल भारतको विकास कूटनीति हेर्न चाहन्छ । लिपुलेक, लिम्पियाधुरा नेपाली भूमि हो । नेपाललाई नसोधी भारत र चीनले आफूखुशी कुनै सम्झौता गर्न सक्दैनन् । प्रधानमन्त्री बालेन साहले बेलायतको मध्यस्थता होइन, बेलायतमा भएका ऐतिहासिक कागजातमा पहुँच खोजिएको मात्र हो ।

प्रम बालेन साहले संसदमा दिएको अभिव्यक्तिको प्रष्टिकरण दिएपछि यसको तरङ्ग नेपालमा ज्यादा उठेको छ र नेपालको शिर उँचो हुने अभिव्यक्ति सुनेर प्रतिपक्षी दलहरू चकित परेका छन् । बहुदलपछिको ३८ वर्षमा आजसम्म यसरी कुनै मन्त्रीले भारतसँग आँखामा आँखा जुधाएर कुरा गर्न सकेका थिएनन्, नेपालको धारणा प्रष्ट राख्न पनि सकेका थिएनन् । परराष्ट्र मन्त्रीले दोहोऱ्याएर भनेका छन्- हामीले भारत र चीन दुवैलाई औपचारिक कूटनीतिक माध्यमबाट हाम्रो धारणा व्यक्त गरिसकेका छौं । हामीले दुवै देशलाई स्पष्ट भनेका छौं लिपुलेक-लिम्पियाधुरा भूमि नेपालको हो । यो हाम्रो ऐतिहासिक कुरा हो । त्यसैले बेलायतको सन्दर्भमा प्रधानमन्त्रीले बोल्नुभएको कुरा पनि त्यही हो । यीमध्ये धेरैजसो सीमा विवाद लामो ऐतिहासिक विरासतका हिस्सा हुन्, विशेष गरी नेपाल-भारतको वर्तमान सीमा १८१६ को सुगौली सन्धिबाट आउँछ । प्रधानमन्त्रीज्यूले निकै प्रस्ट रूपमा जोड दिनुभएझैं हामी टेबलमा बस्छौं र यो विवाद कूटनीतिक संयन्त्रका माध्यमबाट समाधान हुनेछ । हामी हाम्रा विवाद कूटनीतिक प्रक्रियाबाटै समाधान गर्न चाहन्छौं ।

प्रधानमन्त्री शाहको अभिव्यक्तिका विषयमा परराष्ट्रमन्त्रीले भनेका छन्- हामीलाई ऐतिहासिक प्रमाण आवश्यक पर्छन्, हामी यूकेका पुस्तकालय वा संग्रहालयहरूमा हुनसक्ने दस्तावेजमा हाम्रो पहुँच हुन सक्छ कि भनेर हेर्न चाहन्थ्यौं । तर यसको अर्थ हामीले मध्यस्थता मागेका हौं भन्ने होइन ।

परराष्ट्रमन्त्री खनालले सीमा विवादका विषयमा वार्ता र कूटनीतिक प्रक्रियाबाट समाधान खोज्न भारतलाई आग्रह गरेको र भारतले पनि सहमति जनाएको छ । सबै संयन्त्रहरू सकृय पार्न दुबै देश सहमत भएका छन् ।

सत्तारूढ रास्वपाका सभापति र परराष्ट्र मन्त्री शिशिर खनालको भारत भ्रमण र देखिएका तथा भएका सम्बन्ध, विश्वास र भाइचाराले नेपाल-भारत सम्बन्धमा नयाँ ट्वीस्ट आएको छ । भारतका प्रम नरेन्द्र मोदीले नेपाल भ्रमण गर्ने बताएपछि नेपाली राजनीतिका ठूला दलहरूसमेत आश्चर्यमा परेका छन् ।

स्मरणीय छ, जेठ १७ गते प्रतिनिधिसभा बैठकमा प्रम बालेन साहले नेपालले पनि भारतको भूमि मिचेको र सीमा विवाद समाधानका लागि बेलायतसँग पनि कुरा भइरहेको, सीमा समस्या दुबै देश बसेर साथीको रूपमा समाधान गर्ने बताएका थिए । यसपछि विपक्षीहरूले संसद अवरूद्ध पार्दै प्रम बालेन साहलाई राष्ट्रघातको आरोपसमेत लगाइरहेका छन् । रास्वपा र बालेन सरकारले अत्यन्त चलाखीपूर्ण तरिकाले नेपालको हक र हितमा काम गरिरहेको विश्लेषण भइरहेको छ ।

# मरेको इपीजीको साँचो किन ?

परराष्ट्रमन्त्री शिशिर खनाल भारत भ्रमणमा निस्कनुअघि हतार हतार इपीजी समूहका नेपाली समूहका संयोजक डा.भेषबहादुर थापाले इपीजी रिपोर्टको साँचो मन्त्रीलाई बुझाएर फोटो सेसन गरे । उनले ठूला मिडियालाई बोलाएर भनेका थिए- नेपाल-भारतका प्रधानमन्त्री मिलेर इपीजी रिपोर्ट सार्वजनिक गर्न भारत सरकारसमक्ष प्रस्ताव गर्नेछ, यो रिपोर्टबारे भारत सरकारलाई मनाउने छ । झण्डै १० वर्षदेखि थन्किएको यो सामुहिक सर्वसम्मत रिपोर्ट नेपालले एकतर्फी रूपमा सार्वजनिक गर्न कुनै रोकतोक हुनेछैन । स्मरणीय छ, इपीजी समूहमा नेपालका तर्फबाट डा.भेषबहादुर थापा, निलाम्बर आचार्य, राजन भट्टराई र सूर्यनाथ उपाध्याय रहेका थिए भने भारतका तर्फबाट भगतसिंह कोसियारी, जयन्तप्रसाद र महेन्द्र पी लामा र भुवनचन्द्र उप्रेती ।

नेपाल-भारतवीचका समस्या के के हुन्, समाधान कसरी गर्न सकिन्छ ? भन्ने मूल उद्देश्यका साथ भारतका प्रम नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रम केपी ओलीले दशक अघि प्रबुद्ध समूह इपीजी गठन गरेका थिए । एक दशक अघि नै रिपोर्ट तैयार भएर बुझाउन खोज्दा भारतले जवाफ दिएको थिएन, आजसम्म पनि यो रिपोर्टका बारेमा भारत मौन नै रहेको छ । बुझ्ने नबुझ्ने प्रत्युत्तर दिएको छैन । तर यसपटक डा.भेषबहादुर थापाले आत्मप्रचार गरे पनि यसबारेमा परराष्ट्र मन्त्री खनालले दुबै देशका प्रधानमन्त्री राजी नभएसम्म मैले यो साँचो ताल्चा खोल्न सक्दिन भनेका छन् ।

इपीजीका एक सदस्य महेन्द्र पी लामा हुन्, जो भारतका विद्वान हुन् र उी हालै इसिमोडका सदस्य चयन भएका छन् । उनका अनुसार यो रिपोर्टमा १९५० को सन्धि पुनरावलोकन गर्नुपर्ने मुख्य बुँदा रहेको छ । यद्यपि रिपोर्ट तैयार भएपछि यो रिपोर्ट उत्तरी छिमेकीलाई एक सदस्यले नै बेचेको उतिबेला निकै चर्चा चलेको थियो ।

त्यसपछि कूटनीतिक र राजनीतिक बृत्तमा यो रिपोर्ट कहिले पनि सार्वजनिक हुन नसक्ने गाइँगुई सुनिएको थियो । एकाएक डा.भेषबहादुर थापाले रिपोर्टको साँचो मन्त्रीलाई बुझाएपछि यो रिपोर्टबारे जिज्ञासा बढेको हो ।



# दुई ठूला होटलमा सीजी ग्रुप




काठमाडौंमा दुई विश्वप्रसिद्ध लक्जरी होटल स्थापना गर्नका लागि **यारियट इन्टरनेशनल र सीजी हस्पिटालिटी ग्लोबल**बीच सहमति भएको छ। **द रिट्ज-कार्लटन** (ठमेल) र **द वेस्टिन** सञ्चालन गर्ने सहमति भएको हो। यी दुबै होटल चौधरी ग्रुप, आईईजी, आईजे र शर्मा एन्ड कम्पनीको साझेदारीमा निर्माण हुनेछन्। यी होटलहरू सन् २०३१ सम्ममा सञ्चालनमा आउन जनाइएको छ।

अहिलेसम्म भएका होटलभन्दा भिन्न यी दुवै होटलमा अत्याधुनिक सुविधाहरू, रेस्टुरेन्ट, स्पा र ठूला हलहरू र अन्य विशेष सुविधाहरू रहनेछन्। यो सहकार्यले नेपालको पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लगानीकर्ताको रहेको छ। म्यारियट र सीजी हस्पिटालिटीको विश्वमा बलियो साझेदारी रहेको व्यावसायिक सम्बन्ध अझ बढ्ने देखिन्छ।

# राजतन्त्रका लागि रूद्र महायज्ञ



राष्ट्रवादी राजनीतिक जनजागरण अभियान सुदूर पश्चिमका संयोजक क्रान्तिकारी योद्धा, कट्टर राजावादी, सनातन धर्मका पक्षधर स्व. शिवनारायण गिरीका कार्यकर्ताहरूको सक्रियतामा जेष्ठ २१ गते देखि जेष्ठ २९ गते सम्म कपिलबस्तु बिस बगिया शिव मन्दिरमा १००८ श्री रूद्र महायज्ञ सम्पन्न गर्ने भएका छन्।

महायज्ञमा राजधानीबाट माया पाण्डे, शंकर मघैया, कपिलमान खड्गी, कृष्ण प्रसाई, ज्योती बानिया, सिता मैनालीको टोली पुगेको छ।

पं. केशव प्रसाद शुक्ल, दिलिप शक्ल, दलि भारद्वाज संकल्पकर्ता भएको यज्ञमा भक्तजन र स्थानियबासीहरूको ठूलो संख्यामा सहभागिता रहेको छ।

यसको जानकारी गोपालकृष्ण बुढाथोकी, विजय थापा, विष्णु सिंह डंगोल, गणेश गिरी, शंकर मघैयाले दिनुभएको हो। यो समूह निरन्तर रूपमा राजतन्त्र र हिन्दुराष्ट्रको पुनर्स्थापनाका लागि देशव्यापी जागरण अभियान चलाइरहेको छ।

## संविधान संशोधन गर्न ९ बुँदे सुझाव पत्र







एक कार्यक्रममा प्रा.डा. यादव प्रसाद ढुंगानाले बुद्धिजीवीहरूको तर्फबाट संविधान संशोधन गर्नको लागि बालेन सरकारलाई ९ बुंदे सुझाव पठाएको र कार्यक्रममा वाचन गरेर सुनाउनु भएको छ। राम राज्य परिसदका अध्यक्ष जगत बहादुर थापाले २०१९ साल देखि हाम्रो कालापानी क्षेत्रमा रहेका भारतीय सेना अभिलम्ब हट्नु पर्ने माग राख्दै मेची महाकाली पारिका जनता पनि नेपाल राष्ट्रमा मिल्न चाहेका छन्। यो संदेश दिन सय समान विचार बोकेका टोलीहरू लिएर दार्चुलामा जाने कार्यक्रम रहेको चर्चा गर्नुभयो। व्यवस्थापक शंकर मघैयाले राज्यले हाम्रो राजनीतिक र प्रजातान्त्रिक अधिकार खोसेकोले त्यो अधिकार राजा ज्ञानेन्द्र मार्फत फर्काउने अभियानमा सरिक भइरहेको छौं भन्नुभयो।

दिलिप शाहको सभापतित्वमा भएको कार्यक्रममा सिरहा जिल्लाका संयोजक जय नाथ झा, रमेश गिरी, कपिल ठाकुर, सिता मैनालीले राजा महेन्द्रको महावाणी नेपाली बन, नेपाल भन, नेपाल समालौ भन्ने उदगार अहिले सान्दर्भीक छ भनेका थिए भने ज्योति बानियाले देश दुखेकोले जागरण कार्यक्रम लिएर देश दौडाहामा लागी परेका छौ भन्नुभयो। व्यवस्थापक शंकर मघैयाले राजा सहितको प्रजातान्त्रिक व्यवस्था नेपालको धरातलीय आवश्यकता बारे प्रष्ट्याउनु भएको थियो।

## ठमेलमा विदेशी महिलाको व्यभिचार



ठमेल, पर्यटक केन्द्रमात्र होइन, वेश्यवृत्तीको अखडा पनि बनेको खुलासा भएको छ। हालै प्रहरीले विदेशी ९ युवतीलाई रंगेहात पक्राउ गरेपछि उनीहरू सहज भएकाले नेपालमा बृश्यावृत्ति गरेर कमाउन आएको बयान दिएका छन्।

# नेपालबारे दिल्लीमा देखिएका गतिविधिले दिएको सन्देश



डा. केशव देवकोटा

नेपालबारे पछिल्लो समयमा दिल्लीमा कतिपय अस्वाभाविक गतिविधि भैरहेका देखिन्छन्। जसमा नेपालको सत्तारूढ दल रास्वपाले खेलेको भूमिकासमेत बिवादास्पद रहेको छ। कुनैपनि देशमा आन्तरिक एकता प्रदर्शन गरेरमात्र विदेशीहरूसँग वार्तागर्ने प्रचलन रहेको छ। तर यस पटक रास्वपा र सो पार्टीबाट प्रधानमन्त्रि बन्नुभएका वालेन्द्र शाहले नेपालमा सडकदेखि संसदसम्म दलहरूका बीचमा बिवादको सिर्जना गराएर सो पार्टीका सभापति रवि लामिछाने र परराष्ट्रमन्त्रि शिशिर खनालको भ्रमण गराएको छ। त्यसैगरी विदेश भ्रमणमा जानुअघि संसदलाई जानकारी दिनुपर्ने र त्यहाँबाट सुझाव लिएर जानुपर्नेमा त्यसको समेत उल्लंघन गरिएको छ। रास्वपाका सभापति लामिछानेले दिल्ली भ्रमणपछि हिजो सोमबार आयोजना गर्नुभएको सर्बदलीय बैठक खासै प्रभावकारी देखिन सकेको छैन। किनकी सडकदेखि सदनसम्म प्रधानमन्त्रिका अभिव्यक्तिका कारण अवरोधको अवस्था सिर्जना भएको हो। रास्वपाका नेता देशको कार्यकारी प्रमुख प्रधानमन्त्रि रहनुभएको भएपनि देशको शासन सत्ता सञ्चालन गर्ने/गराउने प्रधानमन्त्रिले हो, पार्टीका सभापतिले होइन। प्रधानमन्त्रि वा प्रतिनिधिसभाका सभामुखले सर्वदलीय बैठकको आयोजना गरेर सहमतीय वातावरण सिर्जना गराउन प्रयास गर्नुपर्नेमा रास्वपाले सर्ब दलीय बैठकको आयोजना गरेर देशको राज्य सञ्चालनकाबारेमा छलफल गराउने प्रयासगर्नु आफैमा अस्वाभाविक कुरा भएको छ। उपरोक्त सबै गतिबिधिहरू दिल्लीले चालेका पछिल्ला कदमहरूको असर होभन्ने स्पष्ट छ। जसले एकातिर नेपालका दलहरूकाबीचमा बिवाद बढाउने काम गरिरहेको देखिन्छभने अर्कातिर सत्तारूढ दल रास्वपा र सो पार्टीको सरकारका बीचमा पनि दरार सिर्जना गर्ने/गराउने काम भएका छन्। देशमा यतिबेला चाहिएको राष्ट्रिय एकता र सहमतीय राजनीति हो। तर गत चैत १३ गते बर्तमान सरकार सत्तामा आएको केही घण्टाभित्रै देखि राष्ट्रिय एकता र सहमतीय राजनीति बिथोल्ने जुन गतिविधि भैरहेका छन्, त्यसले देशमा राम्रो संकेत गरेको छैन।

गतसाता भारत भ्रमणमा जानुभएका रास्वपाका सभापति लामिछानेले त्यहाँका प्रधानमन्त्रि नरेन्द्र मोदीलगायतका नेताहरूसँग भेटेर नेपालको राज्य सञ्चालनकाबारेमा जे जस्ता छलफलहरू गर्नुभयो र भ्रमणको अन्त्यमा गत बिहीबार साँझ भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरलाई भेटेर आफ्नो भारत भ्रमणबारे जानकारी दिने काम गर्नुभयो, त्यसले पनि राम्रो सन्देश प्रवाह गरेको छैन। रविको भारत भ्रमण शुरूहुने अघिल्लो दिन गत १७ गते नेपालका कार्यकारी प्रमुख प्रधानमन्त्रि वालेन्द्र शाहले दिएका भारतपरस्थ अभिब्यक्ति र त्यसैदिन भारतीय सुरक्षा बलले नेपालको सुस्तामा गरेको हस्तक्षेप तथा नेपालका परराष्ट्रमन्त्रि शिशिर खनालको हतारको भारत भ्रमणलाई केलाउनु पर्ने अवस्था सिर्जना भएको छ। भारतका लागि अमेरिकी राजदूत गोर अमेरिकाकातर्फबाट दक्षिण एशियाका लागि विशेष दूतसमेत रहनुभएको बताइन्छ। गत केही हप्ताअघि नेपाल भ्रमणमा आएका बेलामासमेत उहाँले नेपालका कार्यकारी प्रमुख प्रधानमन्त्रिसँग नभएर रास्वपाका सभापति लामिछानेसँगनै विशेष छलफल गर्नुभएको देखिएको थियो। भारत भ्रमणमा रहेका कुनैपनि नेपाली नेताले तेश्रो देशका राजदूतलाई भेट गरेको यो पहिलो घटना भएको छ। जसले राजनीतिक तथा कूटनीतिक मर्यादाको उल्लंघन भएको देखिएको छ।

नेपाल र भारतकाबीचमा भएको वार्ताकाबारेमा अमेरिकी दूतलाई औपचारिकरूपमै जानकारी गराउनुले रास्वपामार्फत नेपालमा अमेरिकी गतिबिधि कसरी बढिरहेको छभन्ने भनाईलाई पुष्टिगर्ने काम गरेको छ। हुन त प्रधानमन्त्रि वालेन्द्रले गत १७ गते संसदमा ब्यक्त गरेका भारतपरस्त भनाईहरूमा पनि खास अर्थ रहेको स्पष्ट छ। जसले सिधै सुस्ता र लिपुलेक तथा लिम्पियाधुराको बिवादमा भारतको हात माथिपार्ने कुराहरू रहेका छन्। त्यसैका लागि हिजो सोमबार रास्वपाले सर्बदलीय बैठक गरेको देखिएको छ। गत फागुन २१ को निर्वाचनबाट संसदमा केवल ६ वटामात्र दलहरूको प्रतिनिधित्व रहेको छ। तर नेपालमा क्रियाशील दलहरूको संख्या तीन दर्जनभन्दा बढी छ। जसले पछिल्लो समयमा सडक आन्दोलनमार्फत आफ्ना मतहरू ब्यक्त गरिरहेका छन्। भारततर्फको सीमाका सन्दर्भमा छलफलहुँदा नेपालका तराई केन्द्रित दलहरूलाई अलग्गै महत्व दिइएको हुनु पर्दछ। किनकी भारतीय हस्तक्षेपको पहिलो असर नेपालका तराईका जिल्लाहरूमा पर्नेगरेको छ। त्यसैगरी सभापति लामिछाने स्वदेश फर्किएर काठमाडौंमा छलफल गरेपछिमात्र परराष्ट्रमन्त्रिको दिल्ली भ्रमण तयगरिनु पर्नेमा त्यसको ठीक बिपरितको गतिबिधि गरिएको छ। जसले रास्वपा र सोही पार्टीको बर्तमान सरकारका बीचमासमेत समन्वयको अभाव रहेको देखाएको छ।

त्यहाँ के कस्तो बिषयमा हस्ताक्षर भयो या भएन त्यो बिस्तारै खुल्दै जाने छ। नेपालको परराष्ट्र मन्त्रालयले गतसाता बिहीबारमात्र मन्त्री खनालको भ्रमणतालिका सार्वजनिक गरेर शुक्रबारनै भ्रमण गराएको थियो। यस्तो हतारो यसअघिका भ्रमणहरूमा देखिएको थिएन। नेपालका परराष्ट्रमन्त्रिले भारतको दिल्लीमा त्यहाँका सुरक्षा सल्लाहकार अजित डोभाललाई भेटेर आफ्नो भ्रमणको थालनीगर्नु अर्को बिश्लेषण लायक बिषय रहेको छ। नेपालका परराष्ट्रमन्त्रिले भारतका सुरक्षा सल्लाहकारसँग भेट्नुपर्ने कुनै कारण थिएन। भ्रमणकाक्रममा गत शनिबार नयाँदिल्लीस्थित हैदराबाद हाउसमा भारतीय समकक्षीसँग औपचारिक द्विपक्षीय वार्ता भएको भनिए पनि त्यसको कुनै महत्व देखिन सकेको छैन। परराष्ट्रमन्त्रिले गत आइतबार साँझ स्वदेश फर्किएपछि दिनुभएका अभिब्यक्तिहरूले पनि उपरोक्त कुराको पुष्टिगरेका छन्। भारतसँग फेरी कुटनीतिक माध्यमबाटै छलफल चलाउनुपर्ने अवस्था सिर्जना भएको देखिएको छ। उहाँले स्वदेश फर्किएपछि त्रिबि अन्तराष्ट्रिय बिमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा सीमासम्बन्धी विषयहरूलाई तथ्य र प्रमाणका आधारमा कूटनीतिक पहल तथा टेबल टकमार्फत टुंगोमा पुऱ्याइने बताउनुभएको थियो। मन्त्री खनालले सीमा विवाद सुल्झाउन राष्ट्रिय अभिलेखालयमा रहेका दस्तावेजहरूको अध्ययन भइरहेकोसमेत बताएर आफ्नो भारत भ्रमणलाई फिक्का बनाउने काम गर्नुभएको थियो। जसले उहाँको भारत भ्रमण आवश्यक तयारी बिनानै भएको स्पष्ट गरेको छ। पत्रकार सम्मेलनका क्रममा उहाँले राष्ट्रिय अभिलेखालयमा भएका डकुमेन्टहरू अध्ययन गर्दैछौं। केही विषय हामीसँग छन्, केही विषयको ओरिजिनल प्रमाणित कपीहरू नभएकोजस्तो पनि देखिन्छ भन्ने रहस्यसमेत खोल्नुभएको थियो।

विभिन्न कालखण्डमा सिंहदरबारमा आगो लागेका कारणले उक्त डकुमेन्टहरू नष्ट भएको हुनसक्छ। उहाँले पत्रकार सम्मेलनमा कतिपय आधिकारिक दस्तावेजहरू, हामीसँग नभएका दस्ताबेजहरू वा भएका दस्ताबेजहरूलाई थप सपोर्टगर्ने डकुमेन्टहरू, तत्कालीन अवस्थामा सन् १८१६ मा सुगौली सन्धी हुँदैगर्दा त्यतिबेलाको बेलायती कम्पनी, उनीहरूले अध्ययन गरेका लेखेका, कहिलेकहिले व्यक्तिगत नोटबुकहरू पनि हिस्टोरिकल इभिडेन्सकारूपमा प्रयोगगर्न सकिन्छ। त्यस्ता विषयहरू हाम्रो बुझाइमा बेलायतका संग्रहालय, लाइब्रेरी, नेसनल आर्काइभहरूमा छन् भन्नुभएको थियो। मन्त्री खनालका उपरोक्त भनाईहरू भारतको चाहना बिपरितका देखिएका छन्। किनकी भारतले नेपाल र भारतबीचको मामिलाका तेश्रो पक्षको प्रयोग आवश्यक नभएको बताउँदै आएको छ। परराष्ट्रमन्त्रिले प्रधानमन्त्रिले संसदमा बोलेका कुराहरूलाई ढाकछोपगर्न खोज्दा अर्को गल्ती भएको छ। देशमा के के डकुमेन्ट छन्, के के छैनन् भन्नेकुरा सार्बजनिकरूपमा ब्यक्तगर्ने बिषय होइन। त्यसले बर्तमान सरकारका प्रधानमन्त्रि र मन्त्रिहरूमा कुटनीतिक ज्ञानको समेत कमी रहेको देखाएको छ। परराष्ट्रमन्त्रि खनालको भ्रमण दलमा परराष्ट्रको दक्षिण एशिया महाशाखा प्रमुख, कार्यवाहक नेपाली राजदूतसहितका नेपाली अधिकारीहरू समाबेश गरिएको घटनालेसमेत बिभिन्न संसयको सिर्जना गरेको थियो। किनकी नेपाल र भारतबीचको मामिलामा क्षेत्रीय राजनीतिलाईनै प्रबेश गराउनुपर्ने कुनै कारण थिएन। नेपालका परराष्ट्रमन्त्री खनाल र भारतीय समकक्षी जयशंकरबीच गत चैत २७ मा पनि हिन्द महासागरीय सम्मेलनमा सहभागी हुनेक्रममा मौरिससमा भेटवार्ता भएको भनिएको थियोर। तर त्यसको कुनै प्रभाव देखिएको छैन।

गत शनिबार दुवै पक्षले व्यापार, लगानी, कनेक्टिभिटी, ऊर्जा तथा जनस्तरको सम्वन्धलगायत क्षेत्रहरूमा सहकार्य बढाउने उद्देश्यसहित पारस्परिक हितका विषयहरूमा छलफल भएको भनेपनि त्यसमा सुरक्षा सहकार्यका कुराहरू पनि उठेको खुलाशा भएको छ। हुन त यसअघि गत मे २६ मा दिल्लीमा भएको क्वाडको बैठकमै इन्डो-प्यासिफिक क्षेत्रको रणनीतिबारे छलफल भएको भनिएको थियो। जसमा चीनलाई घेर्नको लागि यसअघि अमेरिकी नेतृत्वमा बनाइएको क्वाड समूहका जापान, अष्ट्रेलिया, भारत र अमेरिकाका विदेशमन्त्रिहरूको उपस्थिति रहेको थियो। सो समूहले इन्डो-प्यासिफिक क्षेत्रले चीनको आक्रामकता नस्वीकार्ने दोहोऱ्याउँदै आएको छ। क्वाड एक अनौपचारिक रणनीतिक सुरक्षा समूह हो। जसको मुख्य उद्देश्य इन्डो-प्यासिफिक क्षेत्रलाई मुक्त, खुला र समृद्ध राख्नु तथा हिन्द-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावलाई सन्तुलितगर्नु रहेको छ। नेपालका खासगरी रास्वपाका नेताहरूको पछिल्लो चलखेल र दिल्लीको दौडधुप त्यसैको निरन्तरता होभन्ने खुलेको छ।

रास्वपाका सभापति लामिछाने र सो पार्टीका नेता तथा परराष्ट्रमन्त्रि खनालको हालैको भारत भ्रमणपछि अर्को छिमेकी मुलुक चीनकोसमेत ध्यानाकर्षण भएको देखिएको छ। अब छिट्टै चीनले पनि लामिछाने र खनाललाई चीन भ्रमणका लागि आमन्त्रणगर्ने कुराहरू प्रचारमा रहेका छन्। हाल देशको सत्ता र शक्तिमा पुगेको रास्वपा र सो पार्टीको सरकारले यसअघि स्थापित मान्यताहरूको पालना नगर्दा नेपाल छिमेकी चीन र भारतको तानातानमा पर्ने देखिएको छ। के भनिन्छभने भारतीय पक्षले फेरी पनि नेपालको परराष्ट्र, गृह र आन्तरिक श्रोतमा चासो देखाएको छ। त्यसमा भारतीय चाहनाअनुसार काम हुने होभने नेपाल पनि भूटानको अवस्थामा पुग्नसक्छ। जुन नेपालका देशभक्तहरूका लागि ग्राह्य बिषय हुनसक्दैन। यसरी रास्वपाले देशलाई आन्तरिक र बाह्यरूपमासमेत अस्तब्यस्त बनाउने जुन प्रयास गरिरहेको छ, त्यो सबैका लागि चासोको बिषय भएको छ।




सन्ध्याकालीन
www.sandhyakalin.com
गोरखा
एक्सप्रेस
www.nepaltoday.com.np
पढौं
लेख, रचना र
बिज्ञापन पठाएर
सहयोग गरौं।

## प्रशंसाको बेलुन



**मदनराज थापा–**

उसले ,
मञ्चको छेउमा उभिएर
झुटको एउटा खेती गऱ्यो ,
माइकको जालीले न छान्नै सक्यो
न त्यो काठको पोडियमले रोक्नै सक्यो ।

खेतिमा मलजल गर्दै , उसले भनिरह्यो–
“यो मान्छे होइन, शब्दको ईश्वर हो!“
अद्वितिय , युगपुरूष , धर्तिकै दुर्लभ रत्न,
अनि त्यो 'ईश्वर' मुसुमुसु हाँसिरह्यो,

आफ्नै मूर्तिमा चढाएको झुटको अबिरले रंगिएर
गलामा फुलको माला र खादाले सिंगारिएर
मखख पर्दै गजक्क फुलिरह्यो ।

कता हराए होलान् ती ‘अथक परिश्रम’का रातहरू?
जहाँ शब्दहरू पसिना बनेर बग्नुपर्थ्यो,
कता पुगे होलान् ती
‘निश्वार्थ भाव’का कोमल आँखाहरू ?
जहाँ कविताले समाजको घाउ सुम्सुम्याउनु पर्थ्यो
तर यहाँ त–
शब्दका जादुगरले अर्को जादुगरलाई
आकाशभन्दा अग्लो बनाउँदै थियो,
उसले भन्यो–
‘यिनका कविताले त मुर्दा पनि ब्युँतिन्छन्’
थप्यो–
‘यिनका अक्षरले त घामको राप पनि सितल बनाउँछन्’
जति-जति प्रशंसाका शब्दहरू
चिल झैँ उडिरहे,
उति - उति
त्यो सम्मानित कवि
सस्तो तारिफको हावाले भरिएर
एउटा विशाल बेलुन झैँ फुल्दै रह्यो
फुल्दै गयो ...फुल्दै गयो...
म डराइरहेछु–
कतै एउटा सानो सत्यको सियो
कतैबाट आइदियो भने
यो ‘महानता’को फुकेको बेलुन
कति कुरूप गरी पड्किने होला!
तर ऊ अझै फुल्दै छ,
शून्यमा उड्दै छ,
झुटको मञ्चमा आफैलाई ‘ईश्वर ' ठान्दै
मसक्क मस्किदै रह्यो ।
सोफामा वसि रह्यो ।
विरलै देखिने रमाईलो
यो , अनौठो दृश्य थियो ।

### गजल : मदनराज थापा

फसल बढाउन हालेको मलमा, बेकारका घाँसपात उम्रन्छन्,
बिउ रोप्छौं सद्भावको यहाँ, तर घृणा र द्वेषका खात उम्रन्छन् ।

पहेँलिएर गए आजभोलि, समाजमा ती सत्कर्महरू,
गोडमेल नहुँदा खेतबारीमा, मिचाहा यी झारपात उम्रन्छन् ।

सत्यनासी ती विषालु काँडाहरू, जरैदेखि उखेली नफालेसम्म,
कसरी सप्रियोस् फसल बाली, जहाँ दिनरात उत्पात उम्रन्छन् ।

मन पनि मान्छेको बनेछ अचेल, झाडी जस्तै बिझाउने,
प्रेमका फूलहरू सुकेर गए, अहङ्कारका वैशालु पात उम्रन्छन् ।

उठौँ र जागौँ अब चेतनाको, कुटो-कोदालो हातमा लिएर,
बदल्नु छ स्थिति संसारको, जहाँ स्वार्थका मात्र जात उम्रन्छन् ।



## पराजुलीको कथासङ्ग्रह ‘हिमलुङमा पलाएको माया’

**-जयराम बिडारी**

जेठ १५, काठमाडौँ । सुनकोशी वाङ्मय प्रतिष्ठानको आयोजनामा कथाकार विष्णु शर्मा पराजुलीको नयाँ कथासङ्ग्रह **‘हिमलुङमा पलाएको माया’** को लोकार्पण गरिएको छ । वरिष्ठ साहित्यकार प्रमोद प्रधानको प्रमुख आतिथ्यमा प्रतिष्ठानका अध्यक्ष छवीरमण सिलवालको अध्यक्षता तथा समीक्षक डा. हरि सिलवाल, वरिष्ठ पत्रकार श्रीराम सिंह बस्नेत, शंकर भारती, केशव पराजुली तथा राजेश खनालगायतले कथासङ्ग्रह एकसाथ लोकार्पण गरेका हुन् ।

कृति र कृतिकारको प्राज्ञिक चिरफार गर्दै डा. हरि सिलवालले पराजुलीलाई यसअघि आफूले नियात्राकार, कवि र लेखकका रूपमा मात्र चिनेको स्मरण गरे । उनले यस नयाँ कृतिले पराजुलीलाई एक भरोसायोग्य कथाकारका रूपमा दह्रोसँग स्थापित गरेको औंल्याए । ‘साहित्यको कुनै एक विधामा मात्र व्यक्ति अब्बल हुन सक्छ’ भन्ने परम्परागत शास्त्रीय चिन्तनलाई पराजुलीले पूर्ण रूपमा भत्काइदिएको उद्घोष डा. सिलवालले गरे । हिमाल, पहाड र तराईको बहुआयामिक परिवेश बोकेको नेपालका विशेषगरी हिमाली भेगका पात्र, परिवेश र जनजीवनलाई अत्यन्त निकटबाट नियालेर लेखिएको कथासङ्ग्रह पाठकमाझ पस्कने लेखकको कौशलको प्रशंसा गरे । नेपाली आख्यानमा तुलनात्मक रूपमा कम लेखिएका हिमाली क्षेत्रका कथाहरूलाई न्याय गर्न यो कृति कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै उनले कृतिको सफलता र सर्जकको उज्ज्वल लेखनयात्राको कामना गरे ।

प्रमुख अतिथि प्रमोद प्रधानले ढिलो गरी लेखनमा लागे पनि पराजुलीले छोटो समयमै नेपाली साहित्यमा उल्लेखनीय योगदान दिएको उनले बताए । नेपाली र अंग्रेजी भाषामा प्रकाशित ‘तिब्बत यात्रा’ बाट लेखन क्षेत्रमा प्रवेश गरेका पराजुलीले जीवित सङ्ग्रहालयका रूपमा परिचित डोल्पो, श्वेत पर्वत, कर्णालीको दर्शन परम्परा, ‘आधा बाँचेको मान्छे’ देखि ‘हिमालुङमा पलाएको माया’ सम्मका आधा दर्जनभन्दा बढी कृतिहरू सिर्जना गरेर साहित्य भण्डारलाई समृद्ध बनाएको बताए ।

उक्त अवसरमा कृतिकार पराजुलीले आफ्नो साहित्यिक यात्राको साक्षी बनी हौसला प्रदान गर्न उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार व्यक्त गरे ।

लोकार्पण कार्यक्रम र अन्तरकृयात्मक गरी दुई सत्रमा सञ्चालित कार्यक्रमको पहिलो चरणलाई प्रतिष्ठानका महासचिव प्रदीप सापकोटाले कुशलतापूर्वक अघि बढाएका थिए भने दोस्रो चरणको सञ्चालन चर्चित सञ्चालक, पत्रकार तथा साहित्यकार राजेश खनालले गरेका थिए ।

अन्तर्क्रियात्मक रूपमा सञ्चालित दोस्रो शृङ्खलामा खनालले कृतिकारको रचनागर्भका विविध पाटा उधिन्ने प्रयास गरे। साथै, उनले प्रकाशन गृहका कतिपय व्यावहारिक कठिनाइ र आगामी योजनाका बारेमा भुँडीपुराण प्रकाशनका प्रमुख केशव पराजुलीसँग सार्थक बहस समेत गरे । यस चरणमा कृतिकार पराजुलीले आफूले आफैंलाई कुनै साहित्यकारको दर्जामा नराखेको स्पष्ट पार्दै पाठक, समीक्षक र समालोचकहरूका रचनात्मक सुझावलाई शिरोधार्य गरी आगामी लेखनमा इमानदारिताका साथ प्रयोग गर्ने प्रण गरे । नियात्रा र कथा लेखनमध्ये कुन विधामा बढी आत्मसन्तुष्टि मिल्छ?“ भन्ने खनालको प्रश्नको उत्तर दिँदै विष्णु शर्मा पराजुलीले आमाका लागि आफ्ना सबै सन्तान प्रिय हुने दृष्टान्त पेस गरे । उनले थपे, “नियात्रा लेखनमा तथ्यहरूलाई तोडमरोड गर्न मिल्दैन, तर कथा लेखनमा वाक्य संरचनालाई छरितो बनाउँदै कल्पनाशीलताको आकाशमा विचरण गर्न सकिने स्वतन्त्रता हुने उल्लेख गरे ।

सोही क्रममा प्रकाशक केशव पराजुलीतर्फ सोझिएको “वर्तमान अवस्थामा प्रकाशकहरूको रोजाइमा कस्ता विधा पर्छन्?“ भन्ने प्रश्नको उत्तर दिँदै उनले सरकारी उदासीनताका कारण कतिपय अवस्थामा खस्कँदो पठन संस्कृतिलाई ब्युँझाउन गाह्रो भइरहेको उल्लेख गरे । यद्यपि, लामो समयदेखिको लगावका कारण अन्य क्षेत्रजस्तै शिथिल बनेको प्रकाशन जगत् पनि अहिले समुचित अवसरको व्यग्र पर्खाइमा रहेको उनले बताए । अर्को एक प्रसङ्गमा प्रकाशक पराजुलीले लेखकले आफ्ना कथामा कल्पनाशीलता र नियात्रामा स्थानीय यथार्थ (विशेषगरी डोल्पा र मुस्ताङका विकट क्षेत्रहरू) लाई सुन्दर ढङ्गले संयोजन गरेको चर्चा गरे।

यसैगरी वरिष्ठ पत्रकार एवं साहित्यकार श्रीराम सिंह बस्नेतले यो कथासङ्ग्रहमा प्रयुक्त आञ्चलिकताको सुन्दर संयोजन नै यसको विशेष गुण हो भन्दै कृतिले हिमाली क्षेत्रको स्पष्ट दर्पणका रूपमा आफ्नो स्थान सुरक्षित राख्न सफल हुने बताउँदै शुभकामना व्यक्त गरे ।

तीन दर्जनभन्दा बढी साहित्यकारहरूको सहभागिता रहेको कार्यक्रममा प्रतिष्ठानकी कोषाध्यक्ष तारा केसीले स्वागत मन्तव्य राखेकी थिइन् । समापनका अवसरमा अध्यक्ष छविरमण सिलवालले कृतिको सफलताको कामना गरे । उनले आगामी दिनमा पनि यस्ता उत्कृष्ट कृतिहरूलाई प्रतिष्ठानका तर्फबाट प्रोत्साहन र प्रवर्द्धन गरिने प्रतिबद्धता जनाए । कार्यक्रम अत्यन्त भव्य र सभ्य तरिकाले सम्पन्न गरिएको थियो । कृतिकारलाई हार्दिक बधाई छ ।


## आवाज

### संयुक्त झिल्का कवितासङ्ग्रह



*अरूणबहादुर खत्री*

आवाज नामक संयुक्त झिल्का कवितासङ्ग्रह हालै २०८२ फागुनमा प्रकाशित भएको छ । यस झिल्का कवितासङ्ग्रहभित्र नेपाल, भारत लगायत विश्वका विभिन्न कुना-कन्दरामा छरिएर रहनुभएका ८३ जना नेपाली भाषी झिल्काकारहरूका झिल्का कविता प्रकाशित भएको छ । प्रत्येकको १६/१६ वटा झिल्का कविता प्रकाशित भएका छन् । वसन्त अनुभवको झिल्का कवितामा हुँदैन निधार छुएर भाग्य छ भन्दैमा डोकोमा दुध दुहेर भनिएको छ । ताराप्रसाद चापागाईंको झिल्का कवितामा गरिबी बाध्यता बन्यो आत्महत्या गर्नभन्दा त युद्धमा मर्छौं भन्यो लेखिएको छ । म्यामराज राईको झिल्का कविताभित्र विद्याकी देवी सरस्वती सत्वुद्धि मिल्दछ जब पुजारी बन्ने सम्मति भनेर लेखिएको छ । गुणनिधि घिमिरेको झिल्का कविताले खुसीले बस्नू हाँसेर अरूलाई मर्का नपारी आफू बाँचौं नाचेर भनेको छ । बाबुराम गौतमको झिल्का कविताभित्र बग्यो आँसुको खोली दुष्ट पापी सरकारले खेल्दा रगतको होली लेखिएको छ । प्रमोद नेपालको झिल्का कवितामा नागहरू छन् बसेका ढुकुटीमा फण उठाएर जनताको नजरबाट खसेका भनिएको छ । राजेशराज गड्तौलाको झिल्का कवितामा अर्थको अनर्थ नसोच्नू सत्य बोलेथें मैले गलत सम्झेर नघोच्नू भनेर लेखिएको छ । प्रेम थापा ‘मन’ को झिल्का कवितामा मनमा सम्झना आइदिन्छ अत्यन्तै बलियो माया मुटुले धड्कनसँगै बताइदिन्छ भनेर लेखिएको छ । सञ्जय पौडेल साजनको झिल्का कविताभित्र हिमालसरि अग्लिन पाऊँ त्यस्तो कुनै नहोस् मैले नटेकेको ठाउँ भनेर लेखिएको छ । भोज विवश मगरको झिल्का कविताले बनाउनु हुन्न बेहाल सधैं समृद्ध राखौं सुन्दर शान्त नेपाल भनेको छ ।




झिल्का कविता एक नवीनतम विधा अब लोकप्रिय विधा बनेको छ । देश विदेशमा यसका सयौं सर्जक र हजारौं पाठक जन्मेका छन् । यो सम्पूर्ण स्वदेशी र प्रवासी नेपालीको प्रिय विधा बनिसकेको छ । एउटा गहिरो विषयवस्तु भेटेपछि दिमागमा हलचल मचिन्छ, दिमागमा उत्पादन प्रक्रिया सुरू हुन्छ र अन्ततः अनुप्रासयुक्त शैलीमा नौ अक्षरमा टुङ्गिएपछि यसले पुनः पाठकको मनमस्तिष्कमा सुखद् प्रतिक्रिया दिन्छ । छोटो, मिठो, रसिलो भएकाले उपभोक्तालाई अचारलेजस्तै सन्तुष्टि दिन्छ ।

नेत्रबहादुर श्रेष्ठको झिल्का कवितामा भाषा नेपाली मिठो हाँस्नुपर्छ दुःखसुख गरी खानुपर्छ गाउँघरको पिठो भनेर लेखिएको छ । दीपा गुरूङ ‘समभाव’ को झिल्का कवितामा कहिले हिमालको यात्रा कहिले पुग्ने तराई जीवन एक जात्रा भनिएको छ । बाबुराम पाण्डे ‘सङ्कल्प’को झिल्का कविताभित्र मिलेमा तिम्रो साथ पुगिन्छ अवश्य पनि हरेक कार्यको माथ भनेर लेखिएको छ ।

जयनारायण नेपालले लेखेको झिल्का कविताले फलाउनु छ मेवा आमा सम्झी देशलाई गरौं नित्य सेवा भनेको छ । रबिता महर्जनले लेखेको झिल्का कवितामा अराजकताको बादल घट्यो सुनौलो बिहानीको आस धुम्म कुहिरो हट्यो भनेर लेखिएको छ । कपिल किशोर घिमिरेको झिल्का कविताभित्र किसानले मल पाउन्न छैन मूल्य उत्पादनको कसैको ध्यान आउन्न भनिएको छ । नगेन्द्रप्रसाद यादवको झिल्का कवितामा परम्परा कता हरायो ? रक्सी, बियर खाएर तीजको चाड मनायो भनेर लेखिएको छ । विवश पारदर्शी (कृष्णप्रसाद चौलागाईं) को झिल्का कवितामा सत्य सोचे नरले भाग्नु पर्दैन कतै घर छोडी डरले भनेर लेखिएको छ ।

सरस्वती श्रेष्ठले लेखेको झिल्का कविताभित्र सजाउनु सपना भोलिको हुनेछ पूरा अवश्य विश्वास रहे बोलीको भनेर लेखेको छ । चुडामणि देवकोटा ‘ध्रुव’ को झिल्का कवितामा समयले पहल गर्छ हामी सवैजना मिली झिल्का उठाउनु पर्छ लेखिएको छ । वेदु न्यौपानेको झिल्का कवितामा बानी रहेछ खराब अनुहार हेर्दा सिधा पिउँदा रहेछौ सराब भनेको छ । हरिगोपाल न्हुच्छेँप्रधानको झिल्का कवितामा देश हाँक्ने भन्छ उँभो लगाउँला भनेको खाल्डो मात्र खन्छ भनेर लेखिएको छ । ललिता कुमारी गिरीको झिल्का कवितामा झिल्का कविता लेख्न भएन सुधार कहिल्यै छोडिसकैं सपना देख्न भनेर लेखिएको छ ।

सतिश पण्डितको झिल्का कविताले कानुनको किताब खोलेर तोड्छ नियम आफैंले न्यायको भाषण बोलेर भनेको छ । कृष्णबहादुर बजगाईंको झिल्का कविताले जनता देशको मालिक कहिले बन्छन् खै भत्काएर भ्रष्टको सालिक भनेको छ । रामबहादुर कटुवालको झिल्का कवितामा मिल्दैन जिन्दगीमा कुरेको लाख कोसिस गर मिल्छ त्यही जुरेको भनेर लेखिएको छ । रामप्रसाद पुरीको झिल्का कवितामा पर्ने छैनौं जालमा भनेको मान्छौ भने खाएर नचुठ थालमा भनेर लेखिएको छ । विनोद खातीको झिल्का कवितामा बुवाले गर्छन् दुख आफू नखाएर पनि दिन्छन् हामीलाई सुख भनेर लेखिएको छ । होमप्रसाद नेउपानेको झिल्का कविताभित्र धर्ती साझा बनोस् सुन्दर देश आहा ! डाँफे मुनालले भनोस् ! भनेर लेखिएको छ । भगवती दवाडी (अधिकारी) को झिल्का कविताले पीडित सारा बस्ती चोरी बढ्दा चाडबाडमा गर्छन् झुन्डले गस्ती भनेर लेखेको छ। घनश्याम पन्तको झिल्का कवितामा हरेक जिन्दगीको कथामा शरीरले साथ दिनुपर्छ लड्नुपर्छ शारीरिक व्यथामा भनेर लेखेको छ । जमुना आचार्य कोइरालाको झिल्का कविताभित्र आफ्नै पौरखमा रमाऊँ बसेर पेट भरिन्न कर्मको बाटो समाऊँ भनेर लेखिएको छ ।

सरोजा बान्तवा पीयूषको झिल्का कविताभित्र सोझाले समायो झण्डा दिनरात एकछिन नभनी ठालुले खायो अण्डा भनेर लेखिएको छ । यो सङ्ग्रह झिल्का काव्य विधाको प्राविधिक र कलात्मक मानकलाई जोगाउने एउटा गम्भीर दस्तावेज पनि हो । झिल्का कविताको संरचना र मानकलाई पछ्याउँदै सिर्जना गरिएका यसभित्रका रचनाहरूले पाठकलाई सोच्न बाध्य तुल्याउनेछन् । मुग्लानमा पसिना बगाइरहेका नेपाली हुन् वा पहाडका कन्दरामा बसेर साधना गरिरहेका साधक, सबैका भावनालाई एउटै सूत्रमा गाँस्ने काम यस सङ्ग्रहले गरेको छ । यो सङ्ग्रहभित्र प्रकाशित सबै झिल्का कविताहरू सरल खालका छन् । यस सङ्ग्रहभित्र सङ्ग्रहित कविताहरूमा कतै प्रेमको कोमलता भेटिन्छ भने कतै विद्रोहको राप; कतै प्रकृतिसँगको सामीप्य झल्किन्छ त कतै देशप्रेमको अदम्य भावना । एउटै पुस्तकभित्र फरक-फरक शैली, बिम्ब र प्रतीकहरूको संयोजन हुनु यस कृतिको मुख्य विशेषता हो ।

सम्पादक: वसन्त अनुभव
प्रकाशक: टुक्का साहित्य समाज काठमाडौं
संस्करण: प्रथम, २०८२ फागुन

मूल्य: रू.४४८।- पृष्ठ: १८६

## नहेर त्यो तिम्रो मस्त कटारी नजरले

घर लाई अझै सुन्दर बनाउन कति खटिनु पर्ला
परिवारमा धेरै खुसी ल्याउन कति खटिनु पर्ला
रात दिन नभनी पिडा लुकाउने नारीले फेरि पनि
भन्नोस्,काम जस्तै मान पाउन कति खटिनु पर्ला



**- मनिता बस्न्यात खड्का**

जब चेतनाको रङ्ग बदलिन्छ
बानी ब्यबहार ढङ्ग बदलिन्छ
समय सापेक्ष ति ऋतुहरू जस्तो
भेषभुसा साथी संग बदलिन्छ ।



**- गंगा दहाल**

रोए पनि यहा म बाहेक, अरू कस्ले सुन्छ र
कहे पनि व्यथा बिरहका, कस्को मन छुन्छ र
मनमा आंधि छ अधरमा,मुस्कानको बाछीटा
हास्नुमै छ आनन्द, जीवनको रोएर के हुन्छ र ?



**- अर्जुन अधिकारी**

भ्रष्टसँग चाबी भएको, यो देश ताला जस्तै भयो
सुनको कचौरामा माग्न, हिडेको चाला जस्तै भयो
यो ठिक भएन, उ ठिक छ कि भनी नेता फेर्नु पर्दा
कठै मेरो यो सुन्दर देश, प्रयोगशाला जस्तै भयो ।



**- प्रभा पोखेल**

नहेर त्यो तिम्रो मस्त कटारी नजरले
मुटु मेरो छिया-छिया हुन्छ कहरले
नमुस्कराउ मनोहारी पाराले किनकी
अकार्थै ज्यान लिन सक्छ प्रेमको रहरले



**- कृष्णबहादुर थापा**

यो समय सबैभन्दा भ्रष्ट सावित भयो
यो समय सबैभन्दा असक्षम सावित भयो
इतिहासमै कलङ्कको कालो टिका लगायौ सरकार
यो समय सबैभन्दा नालायक सावित भयो ।



**- राधेश्याम लेकाली**




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# प्रतिपक्षी आक्रामक हुन जरूरी छ र

आवधिक चुनाव भयो, मतदाताले मतादेश दिए । मतादेश रास्वपाले पायो, सत्तामा पुग्यो । जसरी पनि रास्वपालाई ढाहा पछारेझैं पछार्नुपर्छ भनेर सत्तापक्षको आङ केलाएर भैंसी देखाउने तरिका जुन सडकदेखि संसदसम्म देखिएको छ, त्यसबाट विपक्षीको साख विपक्षीले नै गिराउँदै गएको अनुभूति हुन्छ । किनकि ५ वर्षका लागि शासन गर, तिम्रा बचनवद्धता, करारपत्र अनुसार काम गरेर देखाउ भनेर प्रचण्ड बहुमत दिएपछि प्रतिपक्षले न्वारानमा खाएको घीउको बलले सत्तापक्षलाई अपमान गर्नु, सत्तारूढ दलको कार्यक्रम र सत्तापक्षका अभिव्यक्तिलाई महाभारतको युद्धझैं ठानेर आक्रमण गर्नु भनेको प्रतिपक्षीको हार नै हो । चुनावमा हारेको प्रतिपक्षीले त सत्तामा पुगेका नवयुवाहरूलाई सुझाव दिने, कमजोरी सच्याउन भन्ने र विकासको राजनीतिमा अग्रसर पो गराउनु पर्ने । नेपालको संसद त प्रतिपक्षीले मल्लयुद्धको अखडाजस्ता बनाएका छन् । अखण्डामा बाहुबलीको भिडन्त हुने हो । कानुन निर्माणको थलोलाई विपक्षीले रणमैदान बनाएका छन्, जुन असह्य हो ।

यसपल्टको चुनावमा धाँधली भयो कसैले भनेनन् । चुनावी परिणाम सर्वस्वीकार्य भयो । हो, जेनजी बिद्रोह र बिद्रोहको जगमा चुनाव जितेर खडा भएको सरकारका मन्त्री, प्रधानमन्त्रीमाथि भने विदेशीको हतियार बनेको आरोप लगाए विपक्षीले । आश्चर्य त के देखियो भने ३ जना अमेरिकी मन्त्री, कूटनीतिज्ञले नेपाल भ्रमण गरे, तिनले प्रधानमन्त्रीलाई भेट्न पाएनन् । प्रधानमन्त्रीले एकवर्ष सुशासनका लागि काम गर्छु भनेर रातदिन काम गरिरहेका छन् । जसरी पनि प्रधानमन्त्रीलाई असफल पार्न, रास्वपाभित्र सभापति र प्रधानमन्त्रीवीच फाटो ल्याउने अनेक प्रपञ्च देखिदैछ । जुन कुरा अस्थिरता र अराजकताको निरन्तरता चाहनेहरूको लक्ष्य हो । यो लक्ष्य चिर्दै भर्खर भारतको सफल भ्रमण गरेर फर्केका पार्टी सभापति रवि लामिछानेले स्पष्ट पारिदिएका छन्- हामी स्थिरता चाहन्छौं, हाम्रा सार्वजनिक भएका एजेण्डा हेरे हुन्छ । सभापति रविलाई सिङ्गो भारत अर्थात् प्रधानमन्त्री, विदेशमन्त्री, पार्टी अध्यक्ष, सुरक्षा सल्लाहकार सबैले भेटेर छलफल गरेका छन् । लगत्तै नेपालका परराष्ट्रमन्त्री भाग गएर द्वीपक्षीय सबै मामिलामा छलफल गरेका छन् । तैयार भएको नेपाल-भारतवीचका सबै एजेण्डामा सम्भवत: प्रधानमन्त्री ग्रीन सिग्नल दिनेछन् । यसैवीच रास्वपाका सभापतिले भारतका प्रम नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका छन् र मोदीले नेपाल भ्रमण गर्ने सहमति जनाएको खबर छ । प्रम बालेन साहले सीमा समस्याका बारेमा दिएको अभिव्यक्तिलाई जतिसुकै उछाले पनि नेपाल र भारतका सरकारले सीमा समस्या समाधान हुने भएको छ । प्रम बालेन साहले जुन बल्छी हानेका थिए, त्यसले अन्ततोगत्वा राष्ट्रहित नै देखिन थालिसकेको छ । नेपाल भारतवीचका १८८० किलोमिटर खुला सिमाना अब रेखाङ्कन भएर सुल्झिनेतिर विषय अघि बढेको छ । बालेन सरकारको सुशासन, विकास राजनीति र कूटनीतिले आकार लिन थालिसकेको छ, जुन प्रशंसनीय नै मान्नुपर्छ ।

अब हेर्नुछ- सरकारले के-कस्ता कार्यक्रमसहित विकासको गति, गन्तव्य र मोडल के होलान्, पारदर्शी भ्रष्टाचारको महाजाललाई उसले कसरी सम्बोधन गर्ला, ग्रे लिस्टबाट कुन जुक्तिले मुक्ति निकाल्ला, विश्व मञ्चमा धमिलिदै गएको छवि कसरी उज्यालो पार्ला त्यो हेर्नुछ । राम्रो काम नगरे जनताले जसरी विपक्षीलाई ३७ वर्षपछि दण्ड दिएका छन्, त्यसैगरी रास्वपालाई ५ वर्षपछि नै दण्डित गर्ने विश्वास विपक्षीले राख्न नसक्नु सबैभन्दा ठूलो कमजोरी हो । सय दिन पनि सरकारको काम नहेरी संसदलाई बिरोध गर्नैपर्छ भन्ने अखडा बनाउनु विपक्षीको अर्को हार हो ।

सुशासन कायम गर्नुछ, रोजगारी सिर्जना गर्दै भ्रष्टाचार न्यूनिकरण गर्नुछ, सम्पत्ति शुद्धीकरण र आफन्तवादको अन्त गर्दै योग्यताको कदर हुन्छ भन्ने विश्वास जगाउनुछ । एकातिर भूराजनीतिको बबण्डर छ, अर्कोतिर विपक्षीले घेरेका छन्, बहुमतको सरकार चलाउन पनि रास्वपालाई मुस्किल पार्दैछन् । विपक्षी देशमा सुशासन, समृद्धि चाहन्थे भने तिनले बालेन सरकारलाई गरेर देखाउन मौका दिनुपर्थ्यो, विपक्षीको साथ नपाउँदा सरकार र विपक्षी एकदोस्रालाई जसरी पनि खुइल्याउने प्रवृत्तिमा देखिन्छन्, जुन दुर्भाग्यजनक छ । सबै पक्ष जिम्मेवार हुनुपर्ने देखिन्छ ।

# रविको विवेक र बालेनको बेग




आमा गुहार्दै रास्वपा सभापति रवि लामिछानेले भनेका थिए- हामीलाई विश्वास गर्नोस्, बालेनले देश बनाउँछ ।

रास्वपाले चुनाव जित्यो, बालेन प्रधानमन्त्री बने । उनले देश बनाउने अभियानको सुरू गरेका छन् । राजनीतिको अनुभव नभएकाले बालेनको बेग कतै सुझबुझपूर्ण, कतै अन्धबेग, कतै कमजोरी देखिएका छन् । यसकारण बालेन बिबादमा छन् ।

तर, देश विदेशमा चर्चा छ भने जेनजी बिद्रोहको छ, चुनाव, रास्वपाको विजय र बालेन सरकारको छ ।

प्रम बालेनले एकवर्ष सुशासनमा लाग्ने, विदेश भ्रमण नगर्ने बताएपछि सभापति रवि लामिछानेलाई भारत भ्रमणमा निम्त्याइयो । एउटा पार्टी सभापतिलाई रेड कार्पेट, प्रधानमन्त्री, प्रधानमन्त्रीका विशेष सल्लाहकार, परराष्ट्रमन्त्री सबैले भेट गरे, वान टु वान वार्ता गरे, नेपाल-भारतवीच रहेका सबै समस्यालाई समाधान गर्ने र विकास साझेदारका रूपमा अघि बढ्ने निधो गरे, यो विश्वमै दुर्लभ दृश्य हो ।

नेपाल र भारतवीच कस्तो सम्बन्ध हुनुपर्छ भनेर बल्ल परिभाषा भएको र हुनथालेका छन् । अहिलेसम्म त भारतका जुनसुकै नेता आए पनि लामलागेर भेट्ने चलन थियो । बराबरीको हैसियत बल्ल देखियो, भारतले बुझ्यो, प्रम बालेन साहले तुरूपको एक्का नै फालेर सार्वभौमिकताको महत्व स्थापित गरे ।

यति हुँदा पनि विपक्षीहरू प्रम बालेन साहलाई थाल खाउँ कि भात खाउँ पारिरहेका छन् । मतादेशबाट ५ वर्षका लागि बनेको सरकारमाथि यसरी जाइलाग्न जरूरी थिए, विपक्षीले आफ्ना जात जनाएका छन् । आफैजस्तो बनाउने प्रयत्न गरिरहेका छन् । प्रम बालेनले भनेका छन्, म काम गर्न आएको हुँ । मलाई मेरो देश प्यारो छ । मर्न तैयार छु, झुक्दिन । झुक्छ भनेर नचिताए पनि हुन्छ । विपक्षीको तीव्र प्रहार देख्नेहरू विश्लेषण गर्दैछन्- बालेनले देश बनाउँछन् कि ३ महिनामै हराउँछन्, सडक र संसदमा प्रतिपक्षीले गरेको उग्रविरोधले अनेक प्रश्न उठाएका छन् । बालेन सही छन् र बालेन देश घातक हुन् भन्ने दुई धार राजनीतिक धरातलमा जमजमाइरहेका छन् । हो दुई तिहाईको सरकारलाई ५ वर्ष कुनै विपक्षीले हल्लाउन पनि सक्ने देखिदैन । तर राष्ट्रघाती भनेर अपमानको अगेनामा डढाउँदा डढाउँदै बालेन साह कालाम्मे हुने हुन् कि भन्ने खतरा पनि छ । यद्यपि बालेन साह राष्ट्रघाती होइनन्, उनले नेपाल भारतवीच रहेको सीमा समस्या सधैं किचलोको विषय राख्नु हुन्न भनेर टुङ्ग्याउन दाउपेच लगाएका हुन् । यद्यपि यही बेला पार्टी सभापति रवि लामिछाने भारत भ्रमण गरेर सीमा समस्या टुङ्ग्याउन मूल भूमिका निर्वाह गरेर फर्किएका छन् ।

भारतको सत्तारूढ दल र सरकारसँग विशेष महत्वको वार्ता गरेर फर्किएका रास्वपा सभापतिबाट भारतसँग सधैं शिर निहुराउने, लम्पसार पर्ने पार्टी, नेताहरू आश्चर्यमा परेका छन् । यो घटनाले प्रम बालेन साहलाई सुरक्षित निरन्तरताका लागि कति लाभदायक शिद्ध हुने हो, त्यो जेठ २५ गते बस्ने संसदको बैठकमा सहमति कायम हुन्छ वा हुन्न, विपक्षीको कडा रूख नरम हुने वा होइन, प्रम बालेन साहले कुन रूपमा आफूलाई संसदमा उभ्याउँछन्, त्यसबाट निर्क्यौल निस्कन सक्नेछ । तथापि पार्टी सभापतिले भनिसकेका छन्- परराष्ट्रको विज्ञप्ति नै आधिकारिक हो ।

संविधानविद, विज्ञहरू प्रम बालेन साह झुक्छन्, हार खान्छन् भन्ने विश्वास गर्दैनन् । रास्वपाका सभापति रविले पनि पार्टी नेतृत्वको सरकारलाई सुरक्षित राख्न अहम् भूमिका खेल्ने निश्चत छ ।

चुनावी सभामा सभापतिले भनेका थिए 'आमा, बालेनले देश बनाउँछ । रविको त्यो आत्मविश्वासलाई विश्वास गरेर जनताले चुनावमा भोट खन्याइदिए । रास्वपा चमत्कारिक र अविश्वसनीय रूपमा चुनावी परीक्षामा उत्तीर्ण भयो । स्थापित नेता र पार्टी किनारामा पुगे ।

२०४६ सालदेखि नीति, निष्ठा, नैतिकता, सिद्धान्त स्खलित हुँदै हुँदै नाङ्गेझार भइसकेको बहुदल, लोकतान्त्रिक गणतन्त्रलाई जनताले परास्त गरिदिए । रास्वपा लक्ष्य शान्ति, समृद्धि, स्थिरता नै थियो तर नयाँ गतिमान डिपार्चर लिएर सत्तामा पुग्यो । रास्वपा सत्तामा पुग्नुको अन्तर्य भनेको सेवाग्राहीलाई डेलिभरी नै थियो ।

रविले पार्टीलाई हाँके, उनको प्रतीक थिए बालेन । अब नेपालको नेतृत्व उमेर र इतिहासले गर्दैन, युवाको सोच, योजना र साहसले गर्छ भन्ने उद्घोष थियो ।

आमजनतालाई यो जोडीको आत्मविश्वास मन पऱ्यो । रविको राजनीतिक सुझबुझ र बालेनको कार्यशैली गजबैको छ । रवि र बालेनप्रति युवा आकर्षण व्यक्तिको उदयभन्दा पनि जनता परिवर्तन चाहन्छन्, परिवर्तनका लागि जनतामा विद्यमान छटपटीको पराकाष्ठा थियो । जुन परिणाम फागुन २१ को चुनावको परिणाममा आयो ।

चुनावले बदल्यो, राजनीतिको परिदृश्य नै बदल्यो । महानगरको मेयरमा बालेन साहले जसरी आश्चर्यचकित पारेर जितेका थिए, आमनिर्वाचनमा रास्वपाले अनुमान गरेभन्दा बढी सिट जिते । रास्वपाले चुनाव जित्नु र जेनजी सरकार बन्नु भनेको इतिहास बदलियो, परम्परा बदलियो । राजनीतिले यूटर्न लियो ।

लोकप्रियतावाद मेयरको चुनावदेखि बढेको हो । आमचुनावमा पनि बढ्यो, परिवर्तित सत्तामा पनि देखियो । जसको कोही छैन, उसको सरकार छ, अदालत छ भन्ने अनुभूति दिलाउने अनुभूति दिलाउन नयाँ सरकारले प्रयत्न थालेको छ । आश्चर्य त के छ भने भोट बैंक, कार्यकर्ता परिचालन गरेर चुनाव जित्ने प्रचलन असफल भयो, यसपल्ट देखि सामाजिक सञ्जाल र संवादको शक्ति स्थापित भएको छ । बालेनको सांस्कृतिक सभ्यताको जगेर्ना र जनतालाई जोड्ने कला चुनावी सफलता बन्न पुग्यो । बालेनको कलाले देशका बौद्धिक जमात, आम जनता र कूटनीतिक समुदायलाई समेत प्रभाव पार्न सफल भयो । यो नयाँ शैलीले आत्मनिर्भरता, इतिहासको जिवन्ततालाई पनि उठाएको छ ।

बालेन नेतृत्वमा सरकार बनेपछि जो जतिसुकै शक्तिवान भए पनि कानुनको दायरामा ल्याउन सकिन्छ भन्ने मानक स्थापित गराएका छन् । समाजवाद र सर्वहारावादको नयाँ परिभाषा स्थापित गर्दै बालेनले नगरप्रमुख हुँदैदेखि गरीवले पनि पढ्न पाउनुपर्छ भनेर व्यापक छात्रबृत्तिको प्रवन्ध जो गरेका छन्, त्यो प्रशंसनीय मानिएको छ । बालेनले भ्रष्टाचार गर्दैन, आफ्नो पराई भन्दैन, सामाजिक न्याय उसको सिद्धान्त हो भन्ने सबैलाई विश्वास दिलाएका छन् । रविको लोकप्रियता र बालेनको ख्यातिले रास्वपालाई चुनावमा भारी बहुमत दिलायो । रवि संरक्षक हुन् भने बालेन रास्वपाको पुँजी हुन् । यो जोडीले काम गर्न पायो भने समाज निकै सफा हुनेछ ।


अबनागरिकलाई परिणाम चाहिएको छ, पाउनैपर्ने नागरिक हक र सेवामा सहजता देखिनुपर्छ । करको सदुपयोग भएको हुनुपर्छ र भ्रष्टहरू दण्डित हुनुपर्छ भन्ने नै हो । नागरिक यही अपेक्षा सुशासन हो । सुशासन दिन्छु भन्ने रास्वपाको कवुल छ, करार पनि छ । बालेनले परिणाम दिन्छन्, बालेनलाई सबैले सघाउनु पर्छ । दुर्गतिमा बालेन र रविको कामले नयाँपन ल्याउन सक्छ ।

रवि र बालेनले 'हामी सक्छौं' भन्ने आत्मविश्वास देखाउँदै आएका छन् । नयाँ छन्, कमीकमजोरी हुनसक्छ, सच्याउँदै अघि बढ्न सके, सबैले सहयोग गरे भने नेपालमा परिवर्तन आउने छ । शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासनका लागि सेवा प्रवाह चुनावी एजेण्डा बनेका थिए, त्यही जगमा नयाँ शक्ति उदया भयो । यो शक्तिले सत्ता र राजनीतिको यकिन अर्थ र औचित्य प्रमाणित गर्नसक्नुपर्छ । हामी पुराना दल, हामीले बहुदल ल्यायौं, हामीले राजा फालेर गणतन्त्र स्थापित गऱ्यौं, हिन्दराष्ट्रलाई धर्मनिरपेक्ष बनायौं भन्नेजस्ता भाष्य प्रचार गरेर ब्याज खाने दिन फागुन २१ को चुनावपछि समाप्त भएको छ ।

राष्ट्र कस्तो बनाउने, देशवासीलाई कुन कुन अवसर दिने, अस्तित्व रक्षा कसरी गर्ने ? युवाले रोजगारी कसरी पाउनेछन् ? समानता र क्षमताको कदर हुन्छ कि हुन्न ? दण्ड र पुरस्कारको प्रवन्ध के छ ? नैतिकहीनलाई दण्ड र सभ्य समाजको सिर्जना गरिन्छ कि गरिदैन ? यस्ता अनेक प्रश्नहरू छन्, जुन प्रश्नहरू रास्वपा र बालेन सरकारका सामु उभिएका छन् । उत्तर वैचारिक सोच राजनीति बनेको छ ।

पार्टी सभापति रवि लामिछानेले बालेनले देश बनाउँछ भन्ने विश्वास जगाउन जति सजिलो छ, बालेनलाई देश बनाउन उति नै चुनौती रहेका छन् । यो चुनौतीको पहिलो धराप 'जेठ १७ गते संसदमा प्रम बालेनले बोलेको कुराको एक अंश- नेपालले पनि भारतको जग्गा मिचेको छ भन्ने हुनपुगेको छ । तीललाई पहाड बनाउन जरूरी थिएन तर विपक्षीहरूले यसलाई अन्धराष्ट्रवादको ब्रम्हास्त्र बनाए र बालेनको छातीमा दाग्न तैयार भएका छन् । विपक्षी एक भएर बालेनलाई निहुरीमुन्टी न बनाउन चट्टानी अडान राख्दैछन् भने बालेन साह झुक्न तैयार छैनन् । देश बनाउन दायित्व सत्ता र विपक्षी दुबैको हो । ५ वर्षलाई म्याण्डेट पाएको रास्वपाले सत्ताकै नेतृत्व परिवर्तन गरे पनि रास्वपालाई हराउन, हल्लाउन सकिने छैन । बरू सबैले होस्टेमा हैंसे गरेर स्थिरता, शान्ति र समृद्धिमा लागिपर्नु उचित थियो । थोत्रो मानसिकता सत्ता र प्रतिपक्षीले राख्नुहुन्न । देशले बेग र विवेक खोजेको छ ।

# प्रम बालेनको बोली


बैकुण्ठ भण्डारी

संसदमा बाहुबली देखिए, त्यसको धूलो गाउँसम्म आइपुग्छ र नेताले हतारमा बोलेको एउटा वाक्यले चौतारोमा दुई जना साथीलाई कट्टर शत्रु वनाइदिन्छ । यसपटक पनि दुई धार देखियो ।

प्रधानमन्त्री बालेनले संसद्मा नेपाल-भारत सीमासम्बन्धी दिएको अभिव्यक्तिले तरंग ल्यायो । सीमाविद्हरूले टाउको कन्याए, राजनीतिक दलहरूले प्रेस विज्ञप्ति निकाले, सामाजिक सञ्जालमा राष्ट्रवादको ज्वारभाटा आयो । तर सबैभन्दा ठूलो बहस भने हाम्रो गाउँको चिया पसलमा भयो, जहाँ बैरी र मट्यांग्रो बिहानैदेखि भिडिरहेका थिए । 'बालेनले सत्य बोले,' मट्यांग्रोले टेबुल ठटायो, 'त्यो राष्ट्रघाती कुरा हो,' बैरीले पनि ओठे जवाफ फर्कायो ।

'सत्य बोल्ने राष्ट्रघाती भएदेशमा झूट बोल्नेमात्रै राष्ट्रवादी भए त ?' 'देशको माया र ममता थाहा पाएपछि पो राष्ट्रियताको कुरा आउँछ,' बैरीले चिया सुर्काउँदै भन्यो, 'घरको छानो चुहिएको छ भने छानो टाल्ने कि छिमेकीको घरमा ढुंगा हान्ने ?' एकथरि हाँसे । 'तिमीहरू पुराना पार्टीका मान्छे, नयाँ कुरा सुन्नै सक्दैनौं ।' 'नयाँ कुरा भनेको जे मन लाग्यो त्यही बोल्ने हो ? प्रधानमन्त्रीको बोली चिया पसलको गफजस्तो हुँदैन ।' यस्ता बादबिदाद यतिबेला देशैभरि बाक्लै सुनिन्छ ।

गाउँमा बूढा हर्कबहादुरले भने, 'हामीले त २०४६ पनि देख्यौं, २०६२/६३ पनि देख्यौं । त्यो बेला पनि संसद्मा कराइन्थ्यो । अहिले पनि कराइन्छ । फरक के छ ?' कसैले उत्तर दिन सकेन । वास्तवमा राजनीति एउटा पुरानो मोबाइलजस्तै भइसकेको छ । बाहिरको कभर फेरिन्छ, ब्याट्री पुरानो हुन्छ ।

लोकतन्त्रको विहानी मानिएको २०६३ सालतिर संसद्मा कुर्सी हानाहान भयो । कुर्सी हानाहान आज पनि भइरहेकै छ । कुर्सीमात्र नयाँ आयो, फाल्ने शैली आधुनिक भयो । पहिले रिस उठेपछि कुर्सी उठाएर फालिन्थ्यो । अहिले रिस उठेपछि लाइभ भिडियो चलाएर फालिन्छ । लोकतन्त्र डिजिटल भएको छ । बैरीले भन्यो 'हेर्नुस् दाजुहरू, २० वर्षमा परिवर्तन भएको के छ ?' मट्यांग्रोले तुरून्तै उत्तर दियो, 'देश संघीय भयो, गणतन्त्र आयो ।'

बैरी चिच्यायो 'व्यवस्था फेरियो, अवस्था फेरियो त ?,' सबै चुप लागे । किनभने यो प्रश्नको उत्तर कुनै पार्टीको घोषणापत्रमा पनि छैन । गाउँको सडक उस्तै छ । खोलाको पुल उस्तै छ । युवाहरूको वैदेशिक रोजगारीमा जाने लर्को उस्तै छ । किसानको दु:ख उस्तै छ । मट्यांग्रो फेरि बोल्यो, 'दुईतिहाइको सरकार छ । चाहे जे पनि गर्न सक्छ ।'

बैरीले भन्यो 'त्यही समस्या हो । दुईतिहाइ भएपछि केही गर्नुपर्छ भन्ने होइन, जे पनि गर्न पाइन्छ भन्ने भ्रम हुन्छ ।' 'तिमी सरकार विरोधी हौ ।' ' म सरकार विरोधी होइन, मूर्खता विरोधी हुँ ।' पसलभरि हाँसो फैलियो ।

अहिले देशमा एउटा नयाँ रोग फैलिएको छ, 'पहिले बोल्ने, पछि सोच्ने ।' अनि अन्त्यमा स्पष्टीकरण आउने ।

विवाद उठ्यो कि स्पष्टीकरण । कुनै मन्त्रीले गलत बोले ? स्पष्टीकरण । छानबिन आयोग । अनुसन्धान । जस्तोसुकै रोगको उपचार यही हो । बैरीले भन्यो 'प्रधानमन्त्रीले स्पष्टीकरण दिनुपर्छ ।' मट्यांग्रोले प्रतिवाद गऱ्यो, 'किन दिनुपऱ्यो ? जरूरी छैन ।'

मट्यांग्रो केही बेर चुप लाग्यो र भन्यो 'तिमीहरू सबै बालेनसँग डराउँछौं ।' बैरी फेरि हाँस्यो, 'हामी कसैसँग डराउँदैनौं । हामीलाई त देशको हालत देखेर डर लाग्छ ।' नेताहरू नक्सामा रेखा खोजिरहेका छन्, जनता गाँस बास कपास खोजिरहेका छन् । चुनावमा सबै राष्ट्रवादी, चुनाव सकियो सबै थन्किन्छन् । गाउँका बूढा हर्कबहादुर फेरि बोले, 'हामीले त धेरै राष्ट्रवादी देख्यौं बाबु । चुनावअघि देश बेच्न दिन्नौं भन्नेहरू चुनावपछि आफ्नै वाचा बेचेर हिँड्छन् ।' सबै हाँसे । चुनावपछि सरकार बलियो हुन्छ, जनता चुनाव अघि पनि पछि पनि कमजोर नै रहन्छन् । समाजका बिकृति र बिसंगति कहिले फालिने ? विधिको शासन कहिले स्थापित हुने ?

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# सीमा विवाद, अभिभावक दिवस र विश्व दूध दिवसको प्रसङ्ग

नेपाल र भारतबीच लामो समयदेखि सीमा विवाद चलिरहेकै छ । संसदमा प्रधानमन्त्री बालेन्द्र शाहले सीमा बारे बोलेर ठूलो राजनीतिक हंगामा मच्चाए । उनले नेपालले समेत केही भारतीय भूभागमा “अतिक्रमण’ गरेको बताए । यो अभिव्यक्तिले संसदमा ठूलै आँधी ल्यायो । सार्वजनिक आक्रोश र व्यापक आलोचना भएपछि, परराष्ट्र मन्त्रालयआधिकारिक स्पष्टीकरण जारी गर्न बाध्य भयो । मन्त्रालयले स्पष्ट पार्यो कि प्रधानमन्त्री शाहको टिप्पणी सीमामा अवस्थित “नो-मेन्स ल्याण्ड’ ( दशगजा) र स्थानीय सीमापार जोतपोतको बारेमा थियो ।

शाहले यो पनि भने कि भारत र नेपालले यो मुद्दा समाधान गर्न इतिहासकार, सर्वेक्षक र विज्ञहरूको सहयोग लिन सहमत भएका छन्, र काठमाडौंले चीन र बेलायतसँग पनि यो मुद्दा उठाएको बताए । नेपाल र भारतबीच लिपुलेक, लिम्पियाधुरा र कालापानीमा लामो समयदेखि सीमा विवाद छ, जुन दुवै देशले दाबी गर्छन् । भारतले यी क्षेत्रहरू उत्तराखण्डको हिस्सा भएको बताउँदै द्विपक्षीय वार्ताबाट यो मुद्दा समाधान गर्नुपर्ने बताएको छ ।

लिपुलेक, लिम्पियाधुरा र कालापानीमा भारत र नेपालबीच लामो समयदेखि चलिरहेको सीमा विवाद फेरि एकपटक हेडलाइनमा छ । यस पटक, कारण कुनै नयाँ भूराजनीतिक विकास होइन, बरू नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको स्तब्ध पार्ने र धेरै हिसाबले अपरिपक्व बयान हो । उनले संसदमा एउटा यस्तो दाबी गरे जसले काठमाडौंदेखि नयाँ दिल्लीसम्म हलचल मच्चायो । विडम्बनाको कुरा, भारतलाई घेर्ने प्रयासमा गरिएको यो बयान नेपालमै प्रधानमन्त्रीका लागि महँगो साबित भयो । विपक्षी, पूर्व विदेशमन्त्री, पूर्व राजदूतहरू र सीमा विज्ञहरू समेत उनको विरूद्धमा उभिए, प्रमाण, स्पष्टीकरण र माफीको माग गरे ।

संसदमा बोल्दै बालेन्द्र शाहले प्रधानमन्त्री बनेपछि आफूले थाहा पाएको बताए कि भारतले नेपालको भूमिमा मात्र होइन, नेपालले पनि धेरै ठाउँमा भारतीय भूमिमा अतिक्रमण गरेको छ । उनले दुवै देशलाई तथ्यहरूको अध्ययन गर्न र विवादलाई सौहार्दपूर्ण रूपमा समाधान गर्न अपील गरे । यसैबीच, बालेन्द्र शाहको टिप्पणीप्रति विपक्षी दल र नेपालका पूर्व कूटनीतिज्ञहरूले तीव्र प्रतिक्रिया जनाए । नेपाली कांग्रेसका बास्ना थापा र अन्य नेताहरूले संसदीय रेकर्डबाट उक्त वक्तव्य हटाउन माग गरे । पूर्व परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले पनि प्रधानमन्त्रीबाट माफी माग्न आग्रह गरे । पूर्व नेपाली राजदूतहरू निलाम्बर आचार्य र दीप कुमार उपाध्यायले स्पष्ट रूपमा भने कि नेपालले भारतीय भूमिमा अतिक्रमण गरेको कुनै आधिकारिक रेकर्ड छैन । सीमा विज्ञ बुद्धि नारायण श्रेष्ठले पनि प्रधानमन्त्रीको टिप्पणी तथ्यगत आधारविहीन हुनुपर्ने बताए । यसरी, बालेन्द्र शाहको भनाइ भारतसँग भन्दा नेपाल भित्रै विवादको विषय बन्यो ।

वास्तवमा, सीमा विवाद लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रमा केन्द्रित छ । नेपालले सुगौली सन्धि अनुसार काली नदी लिम्पियाधुराबाट निस्कन्छ भन्ने दाबी गरेको छ र त्यसैले यसको पूर्वतिरको सम्पूर्ण क्षेत्र नेपाली भूभाग हो । अर्कोतर्फ, भारतले काली नदीको वास्तविक उत्पत्ति लिपुलेख दर्रा मुनि रहेको दाबी गर्छ र ऐतिहासिक अभिलेखहरूले कालापानी क्षेत्र लामो समयदेखि उत्तराखण्डको पिथौरागढ जिल्लाको हिस्सा रहेको संकेत गर्छ । यो आधारभूत विवाद दुवै देशको दाबीको जडमा छ । नेपालले लिपुलेख मार्ग हुँदै कैलाश मानसरोवर यात्रामा आपत्ति जनाउँदै भारत र चीन दुवैलाई कूटनीतिक नोट पठाएपछि विवादले हालै नयाँ मोड लियो । भारतले यो आपत्तिलाई अस्वीकार गर्दै स्पष्ट पारेको छ कि लिपुलेख मार्ग हुँदै कैलाश मानसरोवर यात्रा १९५४ देखि निरन्तर सञ्चालन भइरहेको छ र यो कुनै नयाँ विकास होइन । भारतले यो पनि दोहोर्‍यायो कि एकतर्फी रूपमा विस्तार गरिएको क्षेत्रीय दाबी ऐतिहासिक तथ्यहरूमा आधारित छैन र स्वीकार्य पनि छैन ।

बालेन्द्र शाहको भनाइमाथिको विवादपछि नेपालको परराष्ट्र मन्त्रालयले प्रधानमन्त्रीलाई स्पष्ट संकेत दियो कि नेपालले आधिकारिक रूपमा भारतीय भूभाग कब्जा गरिसकेको छ । मन्त्रालयका अनुसार सीमाका केही भागमा सीमा चौकीको अभाव, दशगजा क्षेत्र र सीमापार भूमि प्रयोग जस्ता व्यावहारिक मुद्दाहरूले दुवै पक्षका मानिसहरूले एकअर्काको भूमि प्रयोग गरिरहेको अवस्था छ । परराष्ट्र मन्त्रालयले कूटनीतिक संवाद, प्राविधिक सर्वेक्षण र ऐतिहासिक दस्तावेजहरूको आधारमा समाधान खोज्न दुवै देश प्रतिबद्ध रहेको दोहोर्‍याएको छ ।

यद्यपि, सबैभन्दा आश्चर्यजनक कुरा के छ भने, प्रधानमन्त्री बालेन्द्र शाहले सीमा विवाद समाधान गर्न बेलायती संलग्नताको सुझाव दिएका छन् । उनले तर्क गरे कि हालको सीमा औपनिवेशिक युगको परिणाम हो, त्यसैले बेलायतले यस मुद्दामा चासो राख्नु पर्छ । यो प्रस्तावलाई व्यावहारिक दृष्टिकोणबाट कमजोर मानिएको छ र नेपाल भित्र पनि अपरिपक्व र अनावश्यक भनेर आलोचना गरिएको छ । भारत र नेपाल बीचको सीमा विवाद सधैं द्विपक्षीय ढाँचा भित्र छलफलको विषय भएको छ । त्यसैले, तेस्रो पक्षलाई ल्याउनु कूटनीतिक परम्परा र स्थापित बुद्धिमत्तासँग असंगत छ । भारतले इन्कार समेत गरिसकेको छ ।

स्मरणीय छ, भारतले दशकौंदेखि स्पष्ट पार्दै आएको छ कि पाकिस्तान, चीन वा नेपालसँग सम्बन्धित कुनै पनि द्विपक्षीय विवादमा तेस्रो पक्षको मध्यस्थता वा हस्तक्षेप स्वीकार गर्दैन । त्यसैले, बेलायती वार्तालाई टेबलमा आमन्त्रित गर्ने प्रस्ताव सुरूदेखि नै अव्यावहारिक र वास्तविकतासँग सम्पर्क बाहिर देखिन्थ्यो । धेरै पर्यवेक्षकहरूले दुई शताब्दी अघि उपमहाद्वीप छोडेको देश र देश बीचको वर्तमान सीमा वार्तालाई राजनीतिक अपरिपक्वताको रूपमा वर्णन गरे । रोचक कुरा के छ भने, बालेन्द्र शाहको टिप्पणीले नेपाल मात्र होइन तर बेलायती रणनीतिक र दक्षिण एसियाली मामिला सर्कलहरूलाई पनि आश्चर्यचकित पार्यो र यसलाई अव्यावहारिक सोचको उदाहरण माने । लिपुलेख क्षेत्रको गहिरो रणनीतिक महत्व छ । भारत, नेपाल र चीनको त्रिदेशीय सीमा क्षेत्रमा अवस्थित यो क्षेत्र तीर्थयात्रा मार्गको रूपमा मात्र काम गर्दैन, हिमालय क्षेत्रमा सञ्चार, निगरानी र रणनीतिक पहुँचको लागि पनि महत्त्वपूर्ण केन्द्रको रूपमा काम गर्दछ । चीनको बढ्दो गतिविधि र हिमालय क्षेत्रमा परिवर्तनशील भूराजनीतिक गतिशीलतासँगै, यो क्षेत्र राष्ट्रिय सुरक्षा दृष्टिकोणबाट बढी संवेदनशील बनेको छ । त्यसैले, यस क्षेत्रसँग सम्बन्धित राजनीतिक कथन घरेलु राजनीतिमा सीमित छैने, व्यापक प्रभाव पनि छ ।

यही कारणले प्रधानमन्त्रीको कथनलाई अझ विवादास्पद बनायो । पर्याप्त तयारी र तथ्यहरूको बलियो प्रस्तुतीकरण बिना यस्ता संवेदनशील मुद्दाहरूमा टिप्पणी गर्नाले कूटनीतिक भ्रम मात्र सिर्जना गर्दैन तर देशको आधिकारिक स्थितिलाई पनि कमजोर बनाउन सक्छ । यस कारणले गर्दा, उनको टिप्पणीलाई तुरून्तै नेपालको विदेश मन्त्रालयबाट स्पष्टीकरण प्राप्त भयो र देशका धेरै राजनीतिक तथा कूटनीतिक विज्ञहरूले उनको आलोचना गरेका छन् ।

तैपनि, यो सम्पूर्ण घटनाले एउटा महत्त्वपूर्ण सन्देश दिन्छ । भारत र नेपालमा सीमासँग सम्बन्धित मतभेदहरू निश्चित रूपमा भए पनि, दुवै देशले बारम्बार संवाद र कूटनीति मार्फत ती मतभेदहरू समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपालका प्रधानमन्त्री बालेन्द्र शाहका हालैका टिप्पणीहरू यसको प्रमुख उदाहरण हुन्, जहाँ भारतलाई लक्षित गर्ने उनको प्रयासले उनलाई आफ्नै राजनीतिक र कूटनीतिक वृत्तमा बढी मूल्य चुकाउनु परेको छ ।

## अभिभावक दिवस २०२६

आमाबाबु वर्तमानको शक्ति र भविष्यको प्रेरणा हुन् ।

विश्वभरका अधिकांश देशहरूको संस्कृतिमा, आमाबाबु-बालबालिकाको सम्बन्धलाई सबैभन्दा ठूलो र गहिरो मानिन्छ । नेपालमा, उनीहरूलाई भगवानको रूप पनि मानिन्छ । आफ्ना बालबालिकाको लागि आमाबाबुको काम, उनीहरूप्रतिको निस्वार्थ प्रतिबद्धता र यो सम्बन्धलाई पालनपोषण गर्न उनीहरूको जीवनभरको त्यागको लागि सम्मान र कदर गर्न प्रत्येक वर्ष जुन १ मा विश्व अभिभावक दिवस मनाइन्छ । यो संयुक्त राष्ट्र संघ (गल) ले पालनपोषण गर्ने दिन हो । यो दिनले हामीलाई मानव जीवन, यसको अस्तित्व, विकास र मूल्यमान्यतालाई सम्भव बनाउने महान् शक्तिप्रति कृतज्ञता व्यक्त गर्ने अवसर पनि दिन्छ । २०२६ को विषयवस्तु, “अभिभावकहरूको लागि सँगै“ ले धेरै महत्त्वपूर्ण सन्देश बोकेको छ । यसले आमाबाबुको सम्मानको लागि मात्र आह्वान गर्दैन, तर सम्पूर्ण समाज, समुदाय, शैक्षिक संस्थाहरू र सरकारहरूलाई आमाबाबुको भूमिका बुझ्न, उनीहरूसँगै उभिन र उनीहरूको जिम्मेवारी पूरा गर्न उनीहरूलाई समर्थन गर्न प्रेरित गर्दछ ।

आमाबाबुको सम्मान शताब्दीयौंदेखि धेरैजसो देशहरूमा परम्परा रहेको छ । आमाबाबु भगवानको सबैभन्दा ठूलो वरदान हुन् । जीवनमा आमाबाबुलाई कसैले पनि प्रतिस्थापन गर्न सक्दैन । तिनीहरू साँचो शुभचिन्तक हुन् । तर मानव इतिहासमा परिवार र आमाबाबुको भूमिका आज जस्तो चुनौतीपूर्ण कहिल्यै भएको थिएन । प्राविधिक क्रान्तिले जीवनलाई सजिलो बनाएको छ, तर यसले मानव सम्बन्धहरूलाई पनि नयाँ चुनौतीहरूमा पारेको छ । मोबाइल फोन, इन्टरनेट र कृत्रिम बुद्धिमत्ताको यस युगमा, बालबालिकाको संसार द्रुत गतिमा परिवर्तन भइरहेको छ । ज्ञानका स्रोतहरू घर र विद्यालयबाट डिजिटल प्लेटफर्महरूमा सरेका छन् । यस्तो समयमा, आमाबाबुको भूमिका अब अभिभावकत्वमा सीमित छैन; तिनीहरू बच्चाहरूको भावनात्मक सन्तुलन, नैतिक विकास, मानसिक स्वास्थ्य र सामाजिक चेतनाको प्राथमिक संरक्षक बनेका छन् । तिनीहरू केवल जीवनदाता मात्र होइनन्, जीवन-मार्गदर्शक हुन् । संसारभरका हरेक समाजमा आमाबाबुलाई सम्मान गरिन्छ, तर भारतीय संस्कृतिले विशेष गरी तिनीहरूलाई देवत्वमा उचालेको छ । हाम्रो उपनिषदको घोषणा, ‘मातृ देवो भव, पितृ देवो भव,’ मानव सभ्यताको सबैभन्दा अनुकरणीय मूल्यहरू मध्ये एक हो । एउटी आमाले आफ्नो स्नेह, करूणा, त्याग र प्रेमले जीवनलाई पोषण दिन्छिन् भने बुबाले आफ्नो कडा परिश्रम, अनुशासन, संरक्षण र संघर्ष मार्फत भविष्यको लागि बलियो जग बसाल्छन् । यही कारणले गर्दा हाम्रो परिवार प्रणाली शताब्दीयौंदेखि संसारको लागि एक आदर्श बनेको छ ।

हाम्रो इतिहास र पौराणिक कथाहरूमा आमाबाबुको सम्मान र सेवालाई प्रेरित गर्ने असंख्य घटनाहरू छन् । श्रवण कुमारको कथा केवल छोराको कथा मात्र होइन, भारतीय संस्कृतिको आत्मा हो । आफ्ना वृद्ध र अन्धा आमाबाबुलाई काँधमा बोकेर तीर्थयात्रामा जाने श्रवण कुमारले आफ्नो आमाबाबुको सेवा गर्नु नै सबैभन्दा ठूलो धर्म हो भनेर प्रमाणित गरे । भगवान श्री रामले आफ्ना पिता दशरथको प्रतिज्ञालाई कायम राख्न आफ्नो राज्य, धन र सुखसुविधा त्यागेर वनवास स्वीकार गरे । महाभारत, रामायण, र जैन तथा बौद्ध साहित्यले पनि आमाबाबुको श्रद्धालाई जीवनको सर्वोच्च मूल्यको रूपमा समर्थन गर्दछ । भगवान जस्तै आमाबाबु पनि हाम्रा लागि उपहार हुन्, जसको हामीले सेवा गर्नुपर्छ र कहिल्यै तोड्नु हुँदैन । बच्चालाई हुर्काउन र सभ्य बन्न हुर्काउन बुबाको भूमिकालाई कम आँकलन गर्न सकिँदैन । आमाको सम्बन्धलाई सबैभन्दा गहिरो र पवित्र मानिन्छ, तर जब बच्चाले खरोंच पाउँछ, आमाले महसुस गर्ने पीडा बुबाले महसुस गर्ने पीडा जस्तै हुन्छ । बुबाहरू कडा हुन्छन् ताकि उनीहरूका छोराहरूले जीवनका समस्याहरू हेरेर लड्न सिकून्, कठोर र निडर बनून् र जीवनका कठिनाइहरूको सामना गर्न सक्षम होऊन् । आमा प्रेमको सागर हुन् तर बुबा यसको किनार हुन् ।

आज, जब एकल परिवारहरू विस्तार हुँदै जान्छन्, जीवनको गति तीव्र हुँदै जान्छ र सम्बन्धहरू औपचारिक हुँदै जान्छन्, आमाबाबुप्रति संवेदनशीलता पुनर्जीवित गर्नु आवश्यक छ । वृद्धाश्रमहरूको बढ्दो संख्या, पारिवारिक विघटन र पुस्ताहरू बीचको बढ्दो दूरीले हामीलाई आधुनिकताको खोजीमा हाम्रा मूल्यमान्यताहरू गुमाउँदैछौं कि भनेर विचार गर्न बाध्य पार्छ । आर्थिक सफलता, सामाजिक प्रतिष्ठा र प्राविधिक उपलब्धिहरू मानवीय करूणासँगै मात्र अर्थपूर्ण हुन्छन् । आमाबाबुलाई सम्मान गरिएको घरले मूल्यहरूको धारालाई बढावा दिन्छ; जहाँ उनीहरूलाई बेवास्ता गरिन्छ, परिवारको आत्मा कमजोर हुन थाल्छ । वास्तवमा, आमाबाबु बच्चाको पहिलो शिक्षक हुन् । विद्यालयले ज्ञान प्रदान गर्न सक्छ, तर यो आमाबाबु हो जसले जीवन बिताउने कला, संघर्ष गर्ने साहस, प्रेम, करूणा र नैतिकताको भावनाको जग बसाल्छन् । तिनीहरू आफ्ना बच्चाहरूको लागि अनगिन्ती त्याग गर्छन्, धेरै सपनाहरू त्याग्छन्, र कुनै पनि अपेक्षा बिना तिनीहरूको उज्ज्वल भविष्यको लागि समर्पित रहन्छन् । तिनीहरूको प्रेम एक लगानी हो जुन तिनीहरूले बदलामा कहिल्यै माग्दैनन्, तर यसको छायाले तिनीहरूका बच्चाहरूलाई जीवनभर सुरक्षा प्रदान गर्दछ । अभिभावकत्व र परिवारहरूलाई सशक्त बनाउनमा जरा गाडिएको संस्कृति बिना, कुनै पनि राष्ट्रको भविष्य सुरक्षित हुन सक्दैन ।

आज, आवश्यकता भनेको केवल हाम्रा आमाबाबुलाई सम्मान गर्नमा मात्र सीमित हुनु होइन, तर कृतज्ञता, संवेदनशीलता र सहयोगको संस्कृति विकास गर्नु हो । उनीहरूको अनुभव सुन्नुहोस्, उनीहरूको संघर्ष बुझ्नुहोस्, उनीहरूसँग समय बिताउनुहोस्, र उनीहरूलाई आश्वस्त पार्नुहोस् कि उनीहरू आज पनि परिवार र समाजको लागि पहिले जत्तिकै महत्त्वपूर्ण छन् । आमाबाबु केवल विगतको सम्झना मात्र होइनन्, तर वर्तमानको शक्ति र भविष्यको लागि प्रेरणा हुन् । मानव सम्बन्धहरूमा, आमाबाबु र बच्चाहरू बीचको सम्बन्ध अद्वितीय र करूणाले भरिएको हुन्छ । आमाबाबु प्रत्येक बच्चाको लागि प्रेरणा, प्रकाश र असंख्य सम्भावनाहरू हुन् । प्रत्येक आमाबाबुले नकारात्मक र दुष्ट प्रवृत्तिहरूलाई हटाएर आफ्नो बच्चालाई नयाँ जीवन दिन्छन् । आमाबाबुको प्रेरणाले बच्चाहरूलाई मानसिक खुशी र परम शान्ति दिन्छ । जसरी औषधिले दु:ख, पीडा र पीडा हटाउँछ, त्यसरी नै शिव र पार्वतीले जस्तै आमाबाबुले पनि आफ्नो छोराको सबै निराशा र दु:ख हटाउँछन् ।

विश्व अभिभावक दिवसले हामीलाई सम्झाउँछ कि यस परिवर्तनशील संसारमा धेरै कुराहरू परिवर्तन हुन सक्छन्, तर आमाबाबुको प्रेम, त्याग, मार्गदर्शन र समर्पणलाई केहि पनि प्रतिस्थापन गर्न सक्दैन । तिनीहरू परिवारका जरा हुन्, संस्कृतिका वाहक हुन्, मानवताका प्रथम शिक्षक हुन्, र सभ्यताको सबैभन्दा बलियो जग हुन् । यदि हामी संवेदनशील, सुसंस्कृत र समृद्ध समाज निर्माण गर्न चाहन्छौं भने, हामीले आमाबाबुको सम्मान र सशक्तिकरणलाई हाम्रो शीर्ष प्राथमिकताहरू मध्ये एक बनाउनु पर्छ । प्रश्न यो छ: विश्व अभिभावक दिवस किन मनाउने ? आमाबाबुप्रति दुर्व्यवहारको अवस्था किन कायम रहन्छ ? महत्त्वपूर्ण विचार भनेको आमाबाबुको उपेक्षाको यो नकारात्मक प्रवृत्तिलाई कसरी रोक्ने भन्ने हो । यो नकारात्मक मानसिकताले आमाबाबुको जीवनलाई मात्र कठिन बनाएको छैन,मानिसहरू बीचको भावनात्मक विभाजनलाई पनि फराकिलो बनाएको छ ।

## विश्व दूध दिवस



डा. केदार कार्की,
वरिष्ठ पशु चिकित्सक

दूध हाम्रो स्वास्थ्यको लागि धेरै फाइदाजनक छ । दूधको महत्त्वलाई ध्यानमा राख्दै, प्रत्येक वर्ष जुन १ तारिखलाई विश्व दूध दिवसको रूपमा मनाइन्छ ।

यो दिन मनाउनुको उद्देश्य दुग्ध उद्योगसँग सम्बन्धित गतिविधिहरूको लागि जागरूकता र समर्थन प्रवर्द्धन गर्नु यो दिवस मनाउने उद्देश्य हो। दुग्ध उद्योगलाई चिनाउन र दुग्धका फाइदाहरूको बारेमा जनचेतना फैलाउन हरेक वर्ष जुन १ मा विश्व दूध दिवस मनाइन्छ । संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनले सन् २००१ मा विश्व दूध दिवस स्थापना गरेदेखि यो दिन मनाइँदै आएको छ । अहिले धेरै देशमा मनाइन्छ ।

दुग्ध दिवस मनाउनुको उद्देश्य मानिसहरूलाई यसको फाइदा र महत्त्वका साथै दूधले स्थानीय अर्थतन्त्र र समुदायलाई कसरी फाइदा पुर्‍याउँछ भन्ने सचेत गराउनु थियो । एफएओका अनुसार, लगभग ६ अर्ब मानिसले दुग्ध पदार्थ उपभोग गर्छन् ।

**२०२६ को विषयवस्तु: महिला किसानहरूको उत्सव**

महिला किसानहरूको उत्सव मनाउँदै, दिगो कृषि, आर्थिक विकास र विश्वव्यापी स्वास्थ्यमा दुग्ध क्षेत्रको प्रभाव प्रदर्शन गरौं । यसले विश्वव्यापी दुग्ध उद्योगमा महिलाहरूले खेल्ने महत्त्वपूर्ण भूमिकालाई मान्यता दिन्छ ।

चिसो दूधको गिलास, टोस्टमा तातो मक्खन निर्बाध रूपमा फैलाएर, वा आइसक्रिमको थुप्रोको कचौराबाट, विश्व दूध दिवसले यो सबै मनाउँछ ! संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनले दुग्ध उद्योगलाई मनाउन र विश्वव्यापी रूपमा महत्त्वपूर्ण खानाको रूपमा दूधलाई मान्यता दिन यो दिन आयोजना गरेको थियो । विश्व दूध दिवसले विश्वभर दूध कति पौष्टिक, किफायती र पहुँचयोग्य छ भन्ने बारेमा कुराकानी सुरू गर्न खोज्छ - स्वादिष्टको कुरा त छँदै छैन !

नवपाषाण युगमा ९०००-७००० ईसापूर्वतिर जनावरहरूलाई घरपालुवा बनाइँदा मानिसहरूले दूध पिउन थाले पनि, यस युगभन्दा पहिले मानवताको सम्पूर्ण इतिहासभरि वयस्कहरूमा ल्याक्टोज सहिष्णुता हराएको थियो । पछिको आनुवंशिक उत्परिवर्तनले हामीलाई दूध पिउन अनुमति नदिएसम्म, प्रारम्भिक मानिसहरूले प्राय: किण्वित दुग्धजन्य पदार्थहरू खान्थे, जुन सजिलै पचाउन सकिने थियो । आध्यात्मिक र तार्किक दुवै कारणले गर्दा धेरै संस्कृतिहरूमा दूध महत्त्वपूर्ण बन्यो ।

उदाहरणका लागि, प्राचीन इजिप्टियन, ग्रीक र सुमेरियनहरूका लागि, पौराणिक कथामा दूध एक प्रमुख तत्व थियो । पश्चिमी अफ्रिकाका केही मानिसहरूले ब्रह्माण्ड एक थोपा दूधबाट सुरू भएको विश्वास गर्थे । मंगोलियनहरूले सुकेको घोडाको दूध लिएर यात्रा गर्थे जुन पुनर्गठन हुनेछ र लामो यात्रामा पोषण प्रदान गर्नेछ ।

दूध जति पूजा गरिन्थ्यो, त्यति नै यसको उपहास पनि गरिन्थ्यो । प्रारम्भिक जापानी बौद्धहरूले मक्खन सेवन गर्नेहरूलाई खिल्ली उडाउने गर्थे, उत्तरी युरोपेलीहरूलाई रेनडियर दूध सेवन गरेकोमा घृणित मानिन्थ्यो । रोममा, दूधलाई निम्न-स्तरीय पेय पदार्थ मानिन्थ्यो, किसानहरूले मात्र उपभोग गर्ने गर्थे ।

दूधको इतिहासको अर्को अध्याय औद्योगिकीकरणसँगै आउँछ । धेरैजसो देश र संस्कृतिले दूध अपनाएका थिए, तर धेरै ठाउँहरू दूधको आनन्द लिनको लागि दूध भएका फार्महरूको नजिक थिएनन् । रेलवेमा प्रवेश गर्नुहोस् । अचानक, लन्डन र पेरिस जस्ता ठाउँहरूमा दूधको शहरी माग आकाशियो । ग्रामीण आयातले दूधलाई ठूलो बजारमा रूपान्तरण गर्‍यो ।१८०० को दशकभरि, दूधको वरिपरि धेरै नवीनताहरू थिए, ब्रुअरीहरूले आफ्नो खर्च भएको अन्न गाईहरूलाई खुवाउन डेरीहरू खोल्नेदेखि लिएर, दूध बनाउनेहरूले बिफरबाट कसरी बच्न सके भनेर हेरेर खोपहरू आविष्कार गर्नेसम्म । हरेक दिन, एउटा गाईले लगभग ६.३ ग्यालन दूध उत्पादन गर्न सक्छ - यसले जीवनकालमा ३,५०,००० गिलास दूध थप्छ । एक सामान्य वर्षमा, औसत अमेरिकीले प्रति वर्ष २५ ग्यालन दूध पिउनेछ । दूधलाई अलि लामो समयसम्म ताजा राख्नको लागि, एउटा राम्रो चाल भनेको थोरै नुन थप्नु हो - सही अनुपात प्रति क्वार्टर दूधमा एक चिम्टी नुन हो । वार्षिक रूपमा, बजारमा लगभग १,००० नयाँ दुग्ध उत्पादनहरू थपिन्छन् ! दोस्रो विश्वयुद्धको समयमा दूध संरक्षण उपायको एक भागको रूपमा, १९४२ मा दूधको घर डेलिभरी सुरू भयो । धेरैजसोले दुग्धजन्य पदार्थको आनन्द लिन्छन् र धेरैले यसलाई आफ्नो खानाको प्रमुख तत्व बनाएका छन् । दूध सबैभन्दा लोकप्रिय हुने केही देशहरूमा फिनल्याण्ड, नेदरल्याण्ड र स्वीडेन समावेश छन्, जबकि उत्तर कोरिया वा लाइबेरियामा दूध व्यापक पेय पदार्थ होइन ।

२% वा कम भएको दूध पोषक तत्वहरूले भरिपूर्ण हुन्छ ! हामीलाई थाहा छ कि तपाईंको आमाले सधैं भन्नुभएको छ कि दूधले तपाईंको हड्डीहरू बढ्न मद्दत गर्छ, तर दूधले वास्तवमा त्यो भन्दा धेरै फाइदाहरू बोक्छ । यो क्याल्सियम, भिटामिन डी र पोटासियमले भरिएको छ, जुन नियमित रूपमा कम खपत हुने पोषक तत्वहरू हुन् ।

पोषक तत्वले भरिपूर्ण दुध : दही वा चीज जस्ता दुग्धजन्य पदार्थहरू खाँदा हामीलाई स्वस्थ जीवनशैली कायम राख्न आवश्यक भिटामिन र खनिजहरू प्राप्त हुन्छन् । दूध पोटासियमको स्रोत हो, जसले रक्तचाप नियन्त्रण गर्न मद्दत गर्दछ ।

क्याल्सियम, प्रोटिन, आयोडिन, पोटासियम, फस्फोरस, भिटामिन बि १२ जस्ता कैयौ पोषक तत्व दुधमा पाइन्छ, जुन हाम्रो शरीरको लागि नभईनहुने हुन्छन् ।

विभिन्न रिसर्चका अनुसार आमरूपमा हामीले हरेक दिन लगभग एक हजार देखि २ हजार एमजी क्याल्सियम लिने गर्दछौ । जसमा हामीले पिउने एक गिलास दुधमा लगभग २८५ एमजी क्याल्सियम हुने गर्दछ । नियमित रूपमा दुध पिउने गर्नाले यहि क्याल्सियमको करण हड्डी र दातलाई बलियो बनाउन सहयोग पुग्दछ ।

दुधको नियमित सेवनले उमेर बढ्दै जादा धेरै हदसम्म हड्डी सम्बन्धि समस्याबाट बच्न सकिन्छ ।

कुन उमेरकाले कति दुध पिउने :

१-२ बर्षका बच्चा : साना बच्चाको ब्रेनको विकासका लागी दुध पिउनु अति नै आवश्यक हुन्छ । बच्चालाई ८०० देखि ९०० एमएल हरेकदिन दिनु पर्दछ ।

२-८ बर्षका बच्चा : यस उमेर समुहका बच्चालाई हरेक दिन न्युनतम दुई कप दुध या दुधबाट बनेका खानेकुरा दिनु आवश्यक हुन्छ ।

९ बर्ष भन्दा माथि : यस उमेर समुहका बच्चालाई हरेक दिन ३ कप दुध या दुधबाट बनेका खानेकुरा खान दिने गर्नु पर्दछ ।

धेरै दुध पिउदा आइरनको कमि हुनसक्छ : स्वास्थ्य विशेषज्ञहरूले धेरै दुध पिउने गर्नाले शरीरमा आइरनको कमि हुनसक्ने बताएका छन् ।

गाईको भन्दा भैसीको दुधमा क्यालोरी बढी : भैसीको दुधमा गाईको दुधमा भन्दा बढी क्यालोरी हुने गर्दछ । गाईको दुधमा फ्याट पनि कम हुन्छ ।

जसलाई मोटो पनको समस्या छ या उच्च रक्तचापको समस्या छ, उनीहरूले भैसीको दुध भन्दा गाईको दुध सेवन गर्नु राम्रो हुन्छ । विश्व दूध दिवसमा भाग लिने सबैभन्दा सरल तरिका: खानाको कदर गरिरहेका छौं, त्यसैले आधारभूत कुराहरूमा फर्कौं । एक क्रिमी गिलास दूध खन्याउनुहोस् र दिनको आनन्द लिनुहोस् ।

# Beyond Keynes and Supply Side: Nepal's Execution Economy¿

## [Part 2: From Wealth-Pump Economy to Execution Economy¿]

Preamble: This article is Part 2 of a three-part series examining Nepal's FY 2083/84 budget through a systems-policy lens.

Part 1 examined the budget's goals, assumptions, and potential fault lines. It argued that the budget rests on three E's—Enhanced Administrative Efficiency, Enabling Business Environment, and Effective Enforcement—and identified both the opportunities and risks embedded in that approach.

Part 2 asks a different question: What economic logic lies underneath the budget¿ Rather than viewing it solely through the familiar Keynesian-versus-market debate, I explore whether the budget represents an emerging execution-oriented development strategy—what I call an "Execution Economy."

Part 3 will move from logic to reality. It will examine whether this execution-oriented model can overcome Nepal's longstanding constraints of debt, institutional capacity, political incentives, and weak export competitiveness.

In Part 1, I argued that the new government's budget rests on three E's:

• Enhanced Administrative Efficiency
• Enabling Business Environment
• Effective Enforcement

The budget pursues three goals: growth through productive investment, stronger state capacity (the government's ability to carry out its own decisions), and greater private, diaspora, and foreign investment. It also raises three concerns: debt sustainability, whether growth reaches those at the bottom, and whether administrative and technological fixes can overcome deeper institutional constraints. And it rests on three big assumptions: execution will improve, growth will exceed the cost of borrowing, and the gains will spread broadly through society.

The question now is: what economic model lies underneath these assumptions¿

The budget debate has quickly polarized into familiar camps. Supporters praise the investment climate reforms, AI initiatives, tax simplification, infrastructure spending, and governance reforms. Critics see a pro-business, donor-friendly budget that places too much faith in technology, markets, and administrative solutions while shifting burdens onto ordinary consumers.

Yet neither label fully captures what appears to be the budget's underlying logic.

A Brief Detour: Where Does This Budget Fit in Economic Thinking¿

Most economic development strategies tend to emphasize one of three broad approaches.

The Keynesian Approach: Stimulate Demand

Named after economist John Maynard Keynes, this approach argues that when economic activity is weak, government spending can stimulate demand and revive growth.

Typical tools include:

• Public infrastructure spending
• Government employment
• Income support
• Tax relief for households

Examples include Roosevelt's New Deal during the Great Depression and the large fiscal stimulus packages adopted by many countries after the 2008 global financial crisis.

The logic is straightforward:

When households and businesses are not spending enough, government steps in.

Elements of Nepal's budget carry a Keynesian flavor (stimulating demand through spending).

Examples include:

• Approximately NPR 286 billion allocated to roads and urban infrastructure
• NPR 86 billion allocated to energy
• NPR 218 billion allocated to education
• NPR 102 billion allocated to health
• NPR 120 billion allocated to social security
• Roughly 21% increase in take-home compensation for civil servants through salary and performance incentives
• Doubling of the personal income tax exemption threshold to NPR 1 million

In short, the government is trying to put more spending power into households, public services, and infrastructure in the hope that stronger demand will support growth.

The government's 7% growth target reflects this optimism.

The Supply-Side Approach: Grow the Economy First

Supply-side economics starts from a different premise. Growth comes primarily from increasing production, investment, entrepreneurship, and productivity.

Typical tools include:

• Lower taxes on investment
• Deregulation
• Easier business formation
• Investment incentives
• Trade liberalization

Recent reforms in Argentina under Javier Milei represent one contemporary example, although far more radical than what Nepal is attempting.

The core idea is simple:

Grow the economy first and the benefits will eventually spread more broadly through society.

Many features of the budget fit this tradition:

• Customs duties reduced on 273 categories of industrial raw materials
• Customs structure simplified from 11 tiers to 7 tiers
• Excise duties abolished on 360 categories of goods
• 50% income tax exemption for IT export earnings
• Startup, venture capital, private equity, and LLP reforms
• One-stop Investment Express approval system
• FDI facilitation and streamlined approvals
• Capital market reforms and financial-sector liberalization

In short, the government is attempting to lower the cost of investment, production, and entrepreneurship so that businesses expand and create jobs.

Critics view these as pro-business measures. Supporters view them as pro-growth measures.

The Development-State Approach: Build Productive Capacity

Countries such as South Korea, Singapore, Taiwan, and later Vietnam combined public investment, industrial policy, export promotion, and strong state coordination.

Their governments did not simply spend more money or reduce taxes.

They actively coordinated development. contd......

# The Ten Years of younger Inner Wheel Club of Bhaktapur

## By: Uttam Karmachary

While watching RC Bhaktapur Road Traffic Security Event in Taumadhi Square RC Bhaktapur First Lady Mrs. Sangita Twanabasu was kind enough to request me one article for the Taleju Annual Souvenir to be published soon during the 10th Installation as an incoming president of The Inner Wheel club of Bhaktapur 2026-27. I highly appreciate her outstanding initiation and smart leadership as the First Lady of the Rotary club of Bhaktaprur. Her request reminded me the foundation and birth of Inner Wheel Club of Bhaktapur and its first Installation conducted a decade back with the cooperation and support of the members of in Hotel Sweet Home. According to Dr. Chandra Lekha Kayastha The international inner Wheel officially came into being on July first 1967. In nepalthe inner wheel came with formation of the Inner wheel club of Kathmandu. The club of Patan was formally chartered in 1994 as the second the Inner wheel club, Nepal . The Inner wheel club of Patan South was established as the third one in 2001 Inner wheel club of Patan South. In the case of Bhaktapur the Inner wheel club of Bhaktapur was established in 2016 under the founder President Mrs. Pushpa Shrestha in close cooperation with the RC Bhaktapur. The major specific objectives of The Inner wheel Clubs is to promote friendship among the wives / Annes of Rotarians and involve its members in outstanding social activities. In this my fourth article for Taleju Souvenir, I wish to share Major outstanding events and activities of the 23 years of Young Rotary Club of Bhaktapur and Fellowship first meeting with the youngest RC of Godawari ( RN 164)

The Rotary Club of Bhaktapur wishes to express longstanding appreciation to visit Rotary Club of Bhaktapur last week ina three members team of Rtn. Dr. Sachin Ghimire, chairman service project , Rtn. Geeta Chalise , committee chair Club administration and advisor Rtn. It was first introductory meeting with the newly born baby Rotary club of Godavari with a team of RC Bhaktapur. It was our pleasure and wonderful opportunity to meet them in a special session in RC Bhaktapur. In response to their visit, we have decided to have join meeting with RC Of Godavari soon

After short briefing of the RC Godawari and welcome speech and distribution of Chartered members of the team the team concentrated on up coming annual first publication 2026 and request support for advertisement by chief editor Rtn PC Paudel 2025 with details rate of advertisement.

The first seed of Rotary club of Bhaktapur (RC Bhaktapur) was planted in Shiva Guest House on 6th Oct 2002 and hosted for several months of its regular weekly meetings and venue and contact point. It was praiseworthy to note that Distinguished District Personalities had played a remarkable role to give birth to the Rotary Club of Bhaktapur taking care from the incubator of labor room to this field of social life: Service above Self.

Born master trainer Rtn . DilendraShrestha; Rtn William Ma; Chief Coordinator lateRtn. Dr.TikamanVaidya and Chief Counselor lateRtn. GopalRajbhandari. All of them have contributed a lot to establish Rotary Club of Bhaktapur. They deserved a special credit for the cause of promoting Rotary Club of Bhaktapur . We must express special honor and respect to all of them in response to their valuable contributions provided to us before and after Charter Certification on 25 th June 2003.

During the first year of RC Bhaktapur establishment social activities stated with tree plantation program together with BCCI , free cancer screening, blood donation coordinated by Rtn. Jaya Sundar Hada, book donation by by Rtn. Kamal Mani Dixitand scholarship distribution initiated by Rtn. Rabindra Puri from Germany provided by Rtn. Bruce Higgs.

1. First donation for RC Bhaktapur was offered by Rtn .Keshav Diwakar around Rs. 54 thousand.
2. First donation was contributed from German Rotary Club for school building construction of Sarashwoti School through Jorh Barh under the initiation of Rtn. Sundar Pratap Rana
3. First DGs Visit was from Indian Rotary District 3290 Rtn. Amitabh Mukarji, Rtn. Pravir Chakraverti and Rtn. SwapanMukarji.
4. First DG Visit from Nepal Rotary District 1992 was by late Rtn. Dr. TikamanVaidya.
5. First scholarship from Canadian Rotary Club was supported by / through the initiation of Rtn. Rabindra Puri and Scholarship distribution in Mathurapaati Secondary School Phulbaari Kavre
6. First yearly scholarship was distributed at Bhaktapur Chamber of Commerce & Industries (BCCI) from the RC of Gonanaque Canada under the initiation of Rtn. Rabindra Puri
7. First RC Bhaktapur President after Charter Certification of two years was Rtn. Professor Dr. UttamKarmacharya.
8. First RC Bhaktapur Souvenir coordinated and editor by Professor Dr. UttamKarmacharya
9. First Vice President was Rtn. Neel Krishna Tamrakar
10. First RC Secretary General was Rtn. SundarPratapRana
11. First official Secretary was Mr. Raju Man Bajracharya
12. First Message of RI President sent by Rtn. RajkumarRajgaria, District 3290Governer 2003-4
13. First RC Bhaktapur admin office was established at Hotel Sweet Home with the initiation of Rtn. Om Krishna Shrestha
14. First participation in NepalDistrict Conference ofRI 3292 was joined at PragyaBhawan /at National Academy Kathmandu.
15. First Lady member was Rtn. KrineshowiHada
16. First fellowship picnic was organized in Maturapati BaardaliGhar under the initiation of Rtn.RabindraPuri
17. First Honorary member was Rtn. Jorh Barh from Germany
18. First Nepal District DG of RI Distrct 3292 Visited RC Bhaktapur by LateRtn. Dr. TikaManVaidya.
19. First Lady President of RC bhaktapur was was Rtn. Krishneshowi Hada
20. First RC Bhaktapur nomination as an advisor for District 3292 was Professor Dr. Uttam K . Karmacharya
21. First AG from RC Bhaktapur was Rtn. KrineshowiHada
22. First largest matching grant was approved for Shidhi Memorial Hospital Bhaktapur With the initiation of Rtn. Shree Shankar Pradhananga US dollar 1,18,000
23. First international visitors from Canada was led by Rtn. Rabindra Puri
24. First Maching grant for Gharsita Mutu was signed from Nepal Distrct 3292 initiated by Rtn.Sundar Pratap Rana
25. First donation for people with different abilities was offered to Mr.Suman Palikhel by providing three wheeler Motor cycle with the initiation of German Rotary club initiated by Rtn. Joerg Bahr
26. First participation in RI International convention was joined by the Past president Rtn. Om Krishna Shrestha in Florida
27. First RI President visit by Ms. Jennifer Jones 2022-23
28. First Barista Training and Job placement was assigned in 2022 at Gapali Bhaktapur
29. First chief Guest attended from political parties by Respectable Chairperson Mr. NM BijukschhenRohit to opening session of newly constructed building called Late GangadharHada Memorial Building of Medha schoolBhaktapur 2023.
30. The first Rotary Felicitation was decorated to Mr. TejeshworBabuGonga for his valuable contribution of promoting literature and culture.
31. First participation in foreign Rotary Clubs for attending regular meetings in the USA and Hong Kong was joined by Past president Professor Dr. UttamKarmacharya with the PPP of Rotary club of Bhaktapur
32. First highest Rotary members in 2023- 24, 46 (forty-six )as of 2023 June .
33. First highest Ladiesmembers 08 (Eightas of 2023 June )
34. First Rotract Club of Bhaktapur sponsored by RC Bhaktapur was RotractClubof Phoolbari
35. First Interact club sponsored by RC Bhaktapur was Everest English School Bhaktapur
36. First major donor from RC Bhaktapur was Rtn . KeshavDiwakar (MPHF )
37. First Elderly President Professor Dr. Uttam Karmacharya (as of today 2023 June)
38. First younger President was Rtn.. Neel Tamrakar as of today 2023 June.
39. First youngest Member Rtn. Pearlbiga Karki as of 2023 June
40. First lady president to participate in Rotary International Convention in Australia was by Rtn. Binita Hada(Pradhanang) with Rtn. Keshav Diwakar 2023.
41. 20 First RC Bhaktapur Rotary Education /information Kit folder was developed and distributed to all members with the self-initiation by Rtn. Sudar Pratap Rana.
42. 21. First Rotary Walkathon March in Bhaktapur and closing ceremony at Durbar Square and collection of donation around ten lacks Nepal Currency.

After 21 years of paints taking efforts of Rotary club of Bhaktapur ( RC Bhaktapur ) contributed by all team members of under the 19th president and executive team members last year 2022-23 has become a memorable land mark to get seven types of exemplary Outstanding Awards to mark the history of RC Bhaktapur during the tenure of Past President Rtn. Binita Hada and her team members specially Executive members. They were: President Rtn. Binita Hada; IPP Rtn.Udaya Ram Shrestha ;President elect Rtn. Ganga Laximi Awal; President Nominee Rtn. Dr. gayanendra N. Dhaubhadel;Vice president Rtn. Rajesh Twanabasu ;Treasurer Rtn. Dashrath Prajapati; Sergeant at Arms Rtn. Radhe Shyam Suwal and Secretary Rtn. Khadanand Shiwakoti. All chairs of eight different club Organogram and members such as Club administration; Club membership; Public Image ; Service project ;TRF; Environment ; Club trainer and Club Mentoring are equally contributed a lot at their capacity to win the wonderful seven wonder of RI District 3292 Nepal . The seven awards were as follows:

43. 100% Membership Retention Awar
44. Second Runner Up literacy Program
45. Second Runner Up Disease Prevention and Treatment Awar
46. Second Runner Up economic and community development
47. RI President Visit Special Award
48. Special Award for Best President for Rotary Public Image to Rtn. Binita Hada
49. Best secretary Region 1 to Rtn. Khadananda Siwakoti
50. Strting Classification talk first by Rtn. PP. Shree Shankar Pradhanaga; second by Rtn. PP Sundar Pratap Rana ; third by Rtn. PP Uttam Karmacharya; fourth by Rtn. Anup ; firth by Rtn. PP Krishneshwari and Rtn. Roshan Chikanbanjar.

---

*(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Uttam Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education, Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, SriLanka, Thailand, (Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) ACCU Japan / Nepal and Director, Centerfor Education for All (CEFA) Banepa Nepal.)*

# राष्ट्रिय मूलनीति– समेटिनुपर्ने विषय धेरै छन्



बस्तीलाई व्यवस्थित गरेपछि तथा सन्तुलित विकास कार्यक्रम लागु भएपछि विद्यमान लैंगिक विभेद, दलित शोषित उत्पीडित जाती तथा जनजातिको विभेदको समस्या पनि स्वतः र एकैसाथ हटेर जान्छ। समान अवसर पाउने भए पछि आरक्षणको सोचको नै अन्त्य हुन्छ। हरेक सघन-एकीकृत-व्यवस्थित बस्तीमा आधुनिक विद्यालय, गोवरग्याँस र विद्युत् ऊर्जा सामूहिक र व्यक्तिगत गोवरग्याँस, बायोग्याँस, प्राङ्गारिक मल, टेलिफोन, हुलाक, खानेपानी, स्वास्थ्यसंस्था, सुरक्षाचौकी, पशुसेवा, सार्वजनिक बहुउद्देश्यीय सभागृह, खेलकुद-स्थल, नाटक, खेलकुद, प्रदर्शनी, सभा, मिटिङ कक्षहरू, जनचेतना कार्यक्रम र तालीमहरू, रेडियो, टिभी, रिडिङ रूम, क्लब, व्यायाम, योग तथा दूर शिक्षाका कक्षाको संचालन, सफा, राम्रा, सुलभ-चुलो, शौचालययुक्त घर र घरभित्र भान्छा, भण्डार, सुत्ने-बस्ने अलग अलग व्यवस्थित कोठा, गैरकृषि रोजगारका लागि व्यवस्थित उद्योग क्षेत्र, आधुनिक विकसित पशु-पंक्षी मात्र भएको, दुध, फलफूल वा अरू थोकमा स-साना उद्योग घरघरै चलाएर अर्धवेरोजगारलाई पूर्ण खेती, सहकारी संस्थाद्वारा व्यापारका बन्दोबस्त मिलेको हुने गरी आर्थिक विकास नीति हुनु पर्छ। भू-प्रयोजन नक्सा बमोजिम निर्धारित नीति र कार्यक्रम अनुसार तथा जग्गा एकीकरण आयोजना अनुसार, खेतीको चकलाबन्दी गर्ने र एक परिवारलाई पुग्ने अविभाज्य चकलाको निर्धारण गर्ने नीति चाहिन्छ।

चकला बन्दी, जग्गाको न्यूनतम हद, कृषिव्यवसाय र गैरकृषि व्यवसायको द्वैधताको अन्त्य, एक व्यक्ति एक व्यवसायको नीति, कृषिमा मात्र आधारित अर्थतन्त्रलाई औद्योगिककरणको दिशातर्फ उन्मुख गरिने स्पष्ट नीति हुनु पर्दछ।

मौद्रिक व्यवस्थापन : नीति र कार्यक्रमलाई आर्थिक विकासनीतिसंग गाँसिएमात्र विकास सुदृढ गराउन सकिन्छ। बैंकलाई देशभरका जनताको आर्थिकस्तर उठाउने माध्यमको रूपमा तथा सेवा दिने संस्थाको रूपमा संचालन गरी उत्पादन लागत घटाएर निर्यात व्यापार बढ्ाउनु, बैंकको निक्षेपलाई माध्यम र ठूलास्तरका सार्वजनिक उद्योग र आयोजनामा लगानी गर्न लगाई वैदेशिक ऋणको मात्रा घटाउँदै लाने मौद्रिक परिचालन नीति हुनु पर्दछ।

त्यस्तै साझालाई तल्लो र साना निकायको विकासको लागि शोषणरहित समाजको मेरूदण्ड बनाउने, घरेलु उद्योग र व्यावसायिक कृषि पैदावरको बजार व्यवस्था गरी उत्पादकले पाउनु पर्ने मूल्य पाउने र उत्पादित वस्तुको बजारको निश्चितता गराई मध्यस्थले खाने नाफालाई स्वतः उपभोक्ता र उत्पादकले पाउनेगरी साना उद्योगको पुनःस्थापनागर्ने नीति अवलंबन हुनु पर्दछ।

गैरसरकारी संस्थाहरूको विनियोजनको गतिविधि पारदर्शी बनाउन परेको छ। अर्थ व्यवस्थामा कायम रहेको आर्थिक भ्रष्टाचार र चुहावट रोक्न; निर्यात व्यापार बढाउन भुक्तानीको संतुलन गर्न, यातायात, परिवहन, संचार नीतिमा परिवर्तन गर्न तथा श्रम नीतिमा सुधार गरेर दक्ष र अर्धदक्ष जनशक्तिको स्तर अनुसार रोजगार बढाउन तथा मितव्ययिता अपनाउन कडा र व्यावहारिक रणनीतिक पाइला चाल्नु आजको आवश्यकत्ता भएको छ।

उद्योग:: सरकारको स्पष्ट तथा दिगो रहन सक्ने औद्योगिक नीति नभईकन उद्योगधन्दा मौलाउन सक्तैनन्। नेपालको भूपरिवेष्टितता उद्योगको विकासका लागि ठूलो अवरोध छदैथियो त्यसमाथि उद्योगधन्दालाई संरक्षण नगरी दिएका कारण राम्ररी स्थापित भईसकेका तथा विश्व बजार लिइसकेका उद्योगधन्दाहरू पनि धरासायी भएका छन्। नीजी उद्योगसँग प्रतिस्पर्धा गराउने, राज्य स्तरबाट नयाँ उद्योगहरू थप्दै जाने, अर्ध बेरोजगारमा रहेका तथा रोजगारका लागि विदेश भौतारिएको युवा शक्तिलाई राष्ट्रिय उद्योगमा स्थानन्तर गरेर देशमा औद्योगिक क्रान्ति गराउने नीति अवलम्वन गरिनु पर्दछ।

घरेलु, मध्यम र ठूला उद्योग बर्गीकरण गर्ने, घरेलु र मध्यममा विदेशी लगानी नभित्र्याउने र स्थानीय कच्चा पदार्थ श्रम र सीपमा आधारित गराउने अनि यिनैबाट आयात प्रतिष्ठापन गर्न सक्ने बनाउने उद्योग नीतिको खाँचो छ। घरघरमा र प्रत्येक व्यवस्थित गाउँमा व्यवस्था गरिएका सामुदायिक औद्योगिक क्षेत्रमा संचालित उद्योगले पूर्णरोजगार दिने, उद्योगका उप-उत्पादन, पुनः प्रशोधन उत्पादन तथा उद्योगलाई सहायक हुने उद्योगको व्यवस्थित हुने नीति लिने। कपडा, औषधोपचार, खाद्यान्न प्रशोधन, शैक्षिक तथा जनजीवनका प्राथमिक आवश्यक्ताका मालसामान उत्पादन गर्ने तथा आयात घटाउने जस्ता उद्योगलाई मुख्य उद्योगका रूपमा लिई देशलाई शीघ्र आत्मनिर्भर बनाउने। जडिबुटी प्रशोधन र वीज उत्पादनलाई मुख्य नेपाली निर्यात वस्तु बनाउने। विदेशी लगानीका क्षेत्रहरू, दुर्गम र कम सुविधा भएका क्षेत्रहरू, आयात घटाउने र निर्यात बढाउने उद्योगहरू तथा नेपालीले संख्यात्मक रूपमा रोजगार बढाउने उद्योगहरूले पाउने सुविधाहरूको स्पष्ट रूपमा कीटान गर्नुपर्दछ। उद्योग स्थापना गर्ने प्रशासनिक प्रक्रियालाई सरल बनाइनु पर्दछ।

पर्यटन : नेपाल पृथ्वीमै अनुपम र अद्वितीय देश हो। हिमाल, पहाड, उपत्यकाहरू, नदी, ताल तथा प्र ाकृतिक छटाहरू, हिमालय राष्ट्रिय निकुञ्जहरू, जैविक विविधताहरू, तीर्थस्थल र सांस्कृतिक संपदाहरूलाई पर्ययटनका यस्ता माध्यम बन्ने नीति हुनुपर्दछ ताकि विश्वको जोकोहिले 'नेपालमा पाइँने कुरा संसारमा कहिँ पाइँदैन तर संसारमा पाइने सबैथोक नेपालमा पाइन्छ, त्यसकारण जीवनमा एक पटक नेपाल पुग्नै पर्दछ' भन्ने कुरा विश्वालाई पुष्टि गरेर देखाउन सक्ने होओस्। यसको अभिन्न अङ्ग हो दिगो र स्पष्ट शान्ति, आम जनतामा इमान्दारिता, नसताउने, नठग्ने बानीको विकास गराउने नीति समेत चाहिन्छ।

प्राकृतिक स्रोत साधन परिचालन नीति :

नेपालका प्राकृतिक स्रोत साधनलाई क्रमशः जल, वन, कृषि, हिमाल, पहाड र खनिजलाई लिन सकिन्छ। यिनको सही परिचालन गर्न सके नेपाल विश्वकै सर्वोत्तम समुन्नत देश बन्न सक्दछ।

जलस्रोत : जलस्रोत सम्बन्धी नीति र कार्यक्रममा दिगो व्यापक सुधार हुनु परेकोछ। जल उत्पन्न प्रकोप पनि नेपालको चुनौतिपूर्ण समस्या रही आएको छ। जलाधार संरक्षणदेखि यसको व्यवस्थापन, उत्पादन र बिक्री वितरणसम्म सानो तहमा एक व्यक्तिले गर्न सक्ने कुरादेखि अन्तर्राष्ट्रिय ठूलो लगानी गर्नुपर्ने कुरा सम्म पर्दछन्। लघु र मझौला जलस्रोतका क्षेत्रमा स्वदेशीलाई मात्र तथा ठूला आयोजनाका लागि मात्र विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्नुपर्ने नीति हुनु पर्दछ। जलस्रोत सदुपयोग गरिंदा जलचर विकास, पिउने पानी, सिंचाई, विद्युत्, बाढी नियन्त्रण, यातायातका लागि पुल समेतलाई हुने बहुउद्देश्यीय आयोजनालाई प्रथमित्ता दिनु पर्दछ। जलस्रोतका कार्यक्रमसँगै भूउपयोग, वातावरण सम्बन्धी कार्यक्रम, सामाजिक विकासका क्षेत्रमा गरिने कार्यक्रमहरू पनि तात्कालिक र दीर्घकालीन कार्यक्रममा ऐक्यवद्धता गरी प्रत्यक्ष रूपमा सिंचाई, खानेपानी तथा ऊर्जाको विकास र अप्रत्यक्ष रूपमा उद्योग, व्यापार, संचार, यातायातको विकासका लागि समेत मध्यनजर राखेर नीति बनाइनु पर्दछ। जल र बिद्यूत दुबै निर्यात योग्य बनाउँने, उद्योग र यातायातलाई विश्वमा कही दिन नसकेको सस्तो विजुली वितरण गरेर सबैखाले पेट्रोलियमको आयात घटाउने तथा औद्योगिक वस्तुको उत्पादन सस्तो बनाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउने नीति बन्नुपर्दछ।

वन सम्पदा : नेपालको वन पनि जलस्रोत पछिको ठूलो राष्ट्रिय प्राकृतिक स्रोत हो। व्यवस्थापनको अभावले यो स्रोतले राष्ट्रिय अर्थतन्त्रलाई टेवा दिन सकेको छैन।

विश्वमा हुने सबै टिम्बर र जडिबुटी नेपालमा हुन्छन् तथा नेपालमा हुने विश्वका सबै भूभागमा हुँदैनन्। फिनलैण्डको तुलनामा नेपालमा एक तिहाई समयमा टिम्बर रूख पाका हुन्छन् भने आकार प्रकारमा सरदर दोब्बर ठूला हुनछन्। यसको व्यवस्थ नीति लिइनु पर्दछ।

भूउपयोगिता नक्सा बमोजिम वन क्षेत्रको निर्धारण, विद्यमान राष्ट्रिय निकुञ्ज र प्रस्तावित हिमालय राष्ट्रिय निकुञ्जलाई वन खेती, पशु पंक्षी र जडिबुटी उद्यानका रूपमा पनि विकसित गरिनु पर्दछ। टिम्बर र जडिबुटी संसारकै ठूलो उद्योग बनाउन सकिन्छ।

कृषि : नेपालको भविष्य नै कृषि हो। कृषिलाई पूर्ण रोजगारयुक्त घरेलु उद्योगका रूपमा परिचालन गर्न तथा निर्यातमूलक एवं आयात प्रतिस्थापन गर्न सक्ने उद्योगको रूपमा विकास गर्नु छ। जीवनयापन गर्ने माध्यम मात्र लिएका कृषकहरूलाई आधुनिक खेती गर्ने र खेतीका उप-उत्पादनको क्षमता अनुसार पुग्ने मात्र उन्नत पशुपालन तथा अन्य मिल्ने पेशामा लगाउने, विविधिकरणगर्ने, भू-उपयोगिता व्यापक रूपमा फाँट खेतीगराउने, साझा मार्फत कृषि बजारको सुव्यवस्था गरी मध्यस्थ व्यापारको अन्त्यगर्ने, पशु खेती गर्ने व्यवस्था मिलाएर पशु चरनबाट हुने वन विनास तथा भूस्खलन रोक्ने, सिंचाईको व्यवस्थागर्ने, नगदेबालीलाई अनुपम बनाउने, तराई, पहाड र हिमाली प्रदेशको कृषिलाई अन्तर-निर्भर बढ्ने बनाउने, श्रम प्रविधिमा आधारित सघन कृषि कार्यक्रम लागू गर्ने, अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्नेगरी सुविधा दिने जस्ता रणनीतिको खाँचो छ।

---

# विवाहिता नारी, आफ्नै घरमा पराई



नारायण प्रसाद मिश्र

एकान्तमा एकचित्त हुनेबित्तिकै चेतनालाई उहीँ कुराको याद आउँछ। उनी सम्झिँदै जान्छिन्। भाइबहिनीलेजस्तै म पनि उहीँ घरमा जन्मेकी र हुर्केकी हुँ। उस्तै गरी खेलेकी हुँ। आफ्नो घरबारी जो कसैले स्याहारेजस्तै मैले पनि स्याहारेकी हुँ। बारी-बगैंचामा थरीथरीका बोटबिरूवा रोपी फूल फुलाएकी हुँ। घरभित्र तस्बिर आदि टाँगी सजाएकी हुँ। देश-विदेश कहींकतै जाँदा उहीँ घर सम्झी घर सजाउने सामग्री मैले बटुलेकी हुँ। के गरी यो घर राम्रो हुन्छ भनी दिलोज्यानले ध्यान दिई पलङ, मेच, टेबल, सोफा, कार्पेट आदि कुनै पनि कुरा छनोट गर्ने र सजाउने काममा पनि मैले कम ध्यान दिएको होइन। घरको सफा-सुघर र बढारपढारमा म भाइभन्दा बढी रमाउने गरेको प्रत्येक पल याद आउँछ। दसैं आउँदा दुर्गा भवानी भित्र्याउने वा तिहार आउँदा लक्ष्मी भित्र्याउने काममा दिलोज्यानले ध्यान दिई घरपरिवारलाई धनधान्य बनाउने काममा महिनौंदेखि रमाउने पनि मै हुँ।

तर त्यो घरमा म जाँदा अब म अतिथिजस्तो हुन्छु।

उसले जीवनको झण्डै-झण्डै आधा अवधि बाबु-आमासँगै बिताएकी थिइन्। ३५/३६ वर्षसम्म पनि उनी अविवाहित नै थिइन्। नारीलाई शिक्षा दिन प्रोत्साहन नदिने समाजमा अनेक बाधा-अड्चनसँग जुधी उनले शिक्षा प्राप्त गरेकी थिइन्। स्वदेशमा भन्दा विदेशमै बढी अध्ययन गरेकी थिइन्। उच्च शिक्षा हासिल गर्ने नारीहरू मुलुकमा हातका औंलामा गन्न पनि नभएको समयमा विदेशबाट एम.ए. उपाधि प्राप्त प्राध्यापक महिला भएकीले समाजमा उसको ठूलो मान-प्रतिष्ठा थियो।

यसैले मासिक तलब होस् वा अरू कुनै आम्दानी होस्, जे हात पर्यो सो उनी एक दाम तलमाथि नपारी बुबाको हातमा सुम्पिदिन्थिन्। स्वदेशमा वा विदेश जहाँ गए पनि घरमा सुविधा र सजावटका लागि आवश्यक सरसामान सङ्कलन गर्नमै उसको सम्पूर्ण ध्यान केन्द्रित हुन्थ्यो। आफ्नोभन्दा भाइबहिनीको, मुमाबुबाको सुख-समृद्धि नै उसको जीवनको मुख्य ध्येय थियो। एकदिन आफूले यस्तो प्यारो गरेको घर आफ्नो नहुने, आफू हुर्की-बढी खेली, रोई-हाँसी बसेकी घर र आमाबाबु-भाइको परिवार आफ्नो नहुने कुरा उसले कल्पना पनि गरेकी थिइनन्।

विद्यार्थी जीवनकै कालमा पलपलमा उनी सोच्थिन्। घरको आर्थिक अवस्था राम्रो छैन। खाना लगाउन समेत कम दुःख होइन। पुर्ख्यौली सम्पत्ति मनग्य भएको कुरा आज एकादेशको कथाजस्तो भएको छ। बुबाको आम्दानी परिवार धान्न पुग्दैन। यस स्थितिमा पनि बुवा-मुमाले मलाई धेरै दुःख गरी पढाउनुभयो। उहाँहरूप्रति अरूका बालबच्चाभन्दा बढी म वफादार र आभारी हुनुपर्छ।

नारी पिँजडाभित्र बस्नुपर्ने समाज छ। बुबा- मुमाले ठूलो साहस र आँटले मलाई पिँजडाबाहिर राखेका छन्। नारीका लागि पिँजडा आवश्यक नभएको कुरा मैले समाजलाई स्पष्ट देखाउनुपरेको छ। यसबाट अरू नारीलाई पिँजडाबाहिर आउन सजिलो पर्छ। म मेहनती हुनुपर्छ। परिश्रमी हुनुपर्छ।

उसको यस्तै विचार भएकोले उसलाई यौवनको रसरङ्गले पनि छोएन। बुवा-मुमाको इच्छाविपरीत हुने कुनै पनि कुरामा ऊ अति सचेत थिइन्। पढाइमा उसको तपस्या थियो। तपस्याबमोजिम उसलाई फल मिल्यो। योग्यता मात्र होइन, समाजमा ठूलो मान-मर्यादाको काम मिल्यो। आफूले गर्नुपर्ने कामलाई नै आफ्नो देवता सम्झी पूजा गर्ने, भक्ति गर्ने, तनमनले लाग्ने उसको बानी भएकोले समुद्रपारिको ख्यातिप्राप्त देशमा पुनः उच्च अध्ययन गर्ने सुअवसर पनि मिल्यो।

बुवा-मुमाको सुख-शान्ति र घरपरिवारको प्रगतिमा सदा चिन्तित रहने उसको स्वभाव भएकोले आफ्नो विदेशको अध्ययन अवधिमा पनि यही कुराको ख्याल राखी उसले कम दुःख गरेकी होइन। पढाइमा अति मेहनत लगाइन्। अर्कोतिर जीवननिर्वाह र पठनपाठनमा सहयोगका लागि प्राप्त छात्रवृत्ति रकमबाट धेरै-थोरै बचाई घरकै आवश्यकता पुऱ्याउने प्रयास गरिन्। उनको मन सदा घरमा हुन्थ्यो। घरकै समस्यामा रूमलिन्थिन्। पढ्ने किताब र लेख्ने कापीमा परिवारकै दुःखदायी चित्र देख्थिन्। आज भत्किने हो कि ? भोलि भत्किने हो जस्तो घरको चित्र चलचित्रमा जस्तो उसको आँखा अगाडि घुम्थ्यो।

आज उसको परिवारको आधुनिक बङ्गला घर हुनुमा उसकै पसिना र परिश्रम, त्याग र सद्भावनाको ठूलो भूमिका छ। विभिन्न देश-विदेशबाट उसैले बटुली ल्याएका सजावटका सामानहरूले उसको घर बढी सजिएका छन्। उसकै कमाइ रकम प्रयोग भई घरमा मोटरकार भित्रिएको छ। यो घरमा हाल रहेका क्यामरादेखि टेपरेकर्डरसम्मका फर्मायसी सामानहरू पनि उसकै अभिरूचि, परिश्रमबाट आएका हुन् भन्ने कुरा बिर्सेजस्तो गर्ने गरे पनि घरपरिवारले बिर्सनुपर्ने कुरा जरूर होइन भन्ने उसलाई लाग्छ।

यति मात्र होइन, सांसारिक नियम-प्रचलनअनुसार बिहेको बखत छोरीलाई दाइजोको रूपमा दिने-लिने पलङ, डस्ना, सिरक, चकटी, लुगाफाँटा, दराज, टेबल आदि दाइजोका ससाना सामानहरू पनि माइतीको तर्फबाट उसले लिइन। यसैले उसको घरमा माइतीको चिन्ह भेटिन्दैन। व्यक्ति नर होऊन् वा नारी, धेरै मूल्यवान् वा ठूलो मूल्य नभएको आफूले प्रयोग गरेको, आफूलाई मनपरेको कुनै सामान यो त मेरो साथमा हुनुपर्छ भन्ने भावना मानिसमा साधारणतः हुन्छ। उसमा यो विचार पनि रहेन। उसलाई विहेपछि पनि माइतीघर आफ्नै लाग्थ्यो। माइतीमा आफूले छोडेका वा रहेका सामान आफ्नै लाग्थ्यो।

ऊ भगवानमा विश्वास गर्ने भएकीले उसको मन शुद्ध, पवित्र छ। भगवानको आशीर्वादले जीवनसाथी पनि उसलाई अति राम्रो मिलेको छ। जोईपोई दुवै राम्रै काममा छन्। आम्दानी रकम सन्तोषजनक छ। आफ्नो मात्र होइन, लोग्नेको पनि अनावश्यक खर्च गर्ने, जाँड-रक्सी खाने बानी नभएकोले धनसम्पत्ति दैनिक बढ्दो छ।

चेतना ! तिम्रो बाले पुरानो घरमा होटल खोल्नुभएको रहेछ। राम्रो भयो। बुबा मुमाको छिमेकी प्रयाग दाइले एकदिन उसलाई सोध्छन्। यो कुराले ऊ जिल्ल पर्छिन्। आफूलाई यस विषयमा केही जानकारी नभएकोले उनी अकमक्क पर्छिन्। अँ-अँ गरी चुप लाग्छिन्। उसको मस्तिष्क रन्थनिन्छ। आफ्नो माइतीको कुरामा आफू यसरी अनभिज्ञ हुनपरेकोमा उसको दिलमा दिक्दारीको आँधी आउँछ। आफ्नो घरको कामकुरामा आज यो स्थितिमा पर्न परेकोमा उसलाई ज्यादै ननिको लाग्छ। माइतीघरको यो प्रगति उपलब्धिमा उसलाई खुशीभन्दा दिक्दारी लाग्न थाल्छ। छोरीलाई पनि जानकारी दिन नहुने यस्ता कुराले उसलाई थाहा भएपछि काममा बाधा पर्ने जस्तो विचार बुबामा रहन गएको हो कि ? भन्ने पीडाजनक विचारले उसलाई सताउँछ।

बिहेपछि उसका बा-आमा, भाइबहिनीहरूबाट यस्ता धेरै कामहरू भए, जुन सम्झनामा आउँछन्। सिनेमाको चक्का जस्तै घुम्छन्। नानी! मोटर नचल्ने अवस्थामा छ। पुरानो भइसक्यो। कहिले के हुन्छ, कहिले के हुन्छ। नानी! होटल नोक्सानमा छ। बस्न आउने मान्छे नै छैन। कोठा खाली-खाली छ। कामदारलाई मात्र पाल्न परेको छ।

प्रगति, उपलब्धि वा सुख-दुःखका कुनै पनि कुरा छिटो बुबा-मुमाकहाँ गई सुनाऊँ जस्तो लाग्छ। केही नयाँ कुरा भयो कि ? कहिले पुगूँ जस्तो गरी उनी माइतीघर जान्छिन्। बुबा! मुमा! मलाई राम्रो काम गरेबापत् यो-त्यो संस्थाबाट सम्मानपत्र मिल्यो। मैले यसपटक पदोन्नति पाएँ। भाइ! फलानोले मलाई दुःख दियो। बहिनी! मैले यसपटकको विदेश भ्रमणमा यो देखें, त्यो देखें आदि धेरै कुराहरू समय-समयमा उनी फलाक्छिन्। तर उसको कुरा सुन्न कसैको कानै नभएको जस्तो हुन्छ। नारायणको नाम सुनाउँदा घण्टाकर्णले कान थुन्ने भन्ने जस्तो हुन्छ। अचम्म लाग्छ। ननिको लाग्छ।

नानी! तिमी धन्य। राम्रो पढ्यौ। राम्रो काम गर्यौ। बुबा-मुमाको सेवा गर्यौ भनी बेलाबखत उसलाई छरछिमेकीहरू भन्छन्। तर उसको बुबा-मुमाको तर्फबाट तिमीले राम्रो काम गर्यौ भन्ने कुनै मीठो शब्द-वाक्य हिजोआज उसले सुन्न पाएकी छैन। छोराबाट भएको नगण्य साना कामकुराको प्रशंसा गर्न भने चार दिन-चार रातसम्म पनि फलाक्न थाक्दैनन्। छोराको नाम कहीं सुनियो वा छापियो भने खुशीको सीमा हुँदैन। सन्दर्भ वा बेसन्दर्भको कुरै छैन। जो आए पनि सुनाएका छन्, भनेका छन्। भाइको प्रशंसामा उसको इर्ष्या होइन। भाइको प्रगति र ख्यातिमा अरूलाई भन्दा बढी उसलाई खुशी लाग्छ। तर आफ्नै बुबा-मुमाको तर्फबाट छोरा र छोरीबीच यस किसिमको फरक लगाव र दृष्टिमा उसलाई ज्यादै अचम्म लाग्छ। दुःख लाग्छ।

एक दिन उनी बुबा-मुमाको कोठामा थिइन्। मोटरकारको मूल्य ज्यादै बढेको कुरा चल्यो। कुरैकुरामा हामीले उहीँ बेला कार किनेको कति राम्रो भयो, हैन बुबा ? उसले भनिन्। तैले कार किनेको कुरा सम्झाउन आएकी ? मलाई, तेरो कार लैजा! बुबाले आँखा रातो-रातो पारी भन्नुभएको कुरा सम्झँदा आज पनि उसलाई रिँगटा लाग्छ। समयमा तिमीले सघायौ। तिमीले गरी हामीलाई सुविधा भयो। कुरा ठीक हो भन्नुको सट्टा यसरी रिस पोख्न परेको किन हो ? उसलाई थाहा छैन। बोल्यो कि पोल्यो। बोल्यो कि ? पोल्यो भन्ने जस्तो। केही कुरा बोल्न हुँदैन। कुनै राय, विचार, सरसल्लाह दिन हुँदैन। बोल्यो कि ? उल्टो अर्थ लागिहाल्ने। कोपभाजन भइहाल्छ।

मेरो बिहे हुनुअघि त बुबा यस्तो हुनुहुन्नथ्यो। सबै कुरा मसितै सरसल्लाह गरी नै गर्नुहुन्थ्यो। मेरो सल्लाह, सुझावमा रमाउनुहुन्थ्यो। मेरो बुद्धि-विवेकको तारिफ गर्नुहुन्थ्यो। रमाउनुहुन्थ्यो। सबै पुराना कुरा ऊ सम्झिँदै जान्छिन्। बिहे हुनुअघि उसले सुनेकी थिइन्– आजको युगमा छोराको सम्बन्ध बढी ससुरालीसित हुन्छ। ससुरालीतिरबाट छोरी-ज्वाइँको बढी देखभाल हुन्छ। लेनदेन हुन्छ। ज्वाइँको ससुराली नै गोप्य सुनाउने र सुन्ने ठाउँ हुन्छ। सुनेकी मात्र होइन, कतिपय परिवारमा देखेकी पनि हो। यो कुरा उसको जीवनमा भने ठीक उल्टो घुमेको छ। यस किसिमको कुनै सम्बन्ध उसको श्रीमानको भने छैन। उसको पनि छैन। सायद यसको कारण यो पनि हुन सक्छ, उनका पति उनकी बुबा-मुमाले खोजी, मन पराएर छानेका ज्वाइँ होइनन्, बरू उनले आफैँ मायाप्रीति गरी रोजेका जीवनसाथी हुन्।

ऊ नर र नारीको अधिकारमा भागबण्डा गर्ने नारी होइनन्। त्यस्तै ऊ मातापिता, परिवार, समाज वा मुलुकको सेवा गर्ने काममा पुरूषको तुलनामा नारीको योग्यता, दक्षता, क्षमता वा काम, कर्तव्य र अधिकार कम हुन्छ भन्ने विचार र धारणा राख्ने नारी पनि होइनन्। यसैले माइतीको, माइती परिवारको आर्थिक अवस्थामा टेवा दिनुपर्ने ठाउँमा टेवा दिने सत्कार्यमा विवाहित नारीले हात बढाउन नहुने वा आफूलाई आवश्यक पर्दा माइतीमा गई हात पसार्न नहुने रूढीवादी नारी पनि होइनन्। तर पनि जीवनमा आफूले भोगेकी र अनुभव गरेकी कुराले उनलाई नेपाली समाज र संस्कारमा छोराले भन्दा बढी गरेको छोरीको सेवा प्रशंसा भन्दा विस्मृतियोग्य विषय बन्न जाने धारणा राख्छिन्।

आज उसलाई लाग्न थालेको छ– आजसम्मको नेपाली समाजमा छोराको ठाउँमा छोरी रहने वातावरण अझै बनिसकेको छैन। उसलाई लाग्छ– छोराको जस्तै छोरीको प्रगति वा सेवामा पनि रमाउने समाज सृजना हुन अझ धेरै समय लाग्छ। ऊ आज सोच्न बाध्य छिन्। माइतीघर माइती नै हुन्छ। उसको हुँदैन। आज उसलाई भन्न कर छ। माइती परिवार माइती परिवार नै हुन्छ। उसको परिवार हुँदैन। आज उसलाई बुझ्न कर छ। विचार विचारै नै हुन्छ। व्यवहार व्यवहार नै हुन्छ। समाजमा चलिआएको व्यवहार, संस्कार तुरून्तै बदलिँदैन। उसलाई लाग्छ– नफरत, रिस, द्वेष, कृतघ्नता कहीँ पनि उम्रिन सक्छ। आमा-बाबुको छोरा-छोरीमाथि, छोरा-छोरीको आमा-बाबुमाथि; दाजुभाइ, दिदीबहिनीको दाजुभाइ, दिदीबहिनीमाथि। प्रचलन नभएको उसको भक्ति र सेवामा पनि शङ्का-उपशङ्का उत्पत्ति भएको हुनसक्छ। एक न एक दिन यसले केही न केही माग्न सक्छ भन्ने डर हुनसक्छ। सम्पत्ति ऊबाट लुकाउनुपर्ने, ढाँट्नुपर्ने, उसलाई आफूबाट टाढा राख्नुपर्ने कतिपय कारण हुनसक्छ। यो समाजको विकृति पनि हुनसक्छ। मनुष्य जीवनमा यस्तो भइरहने यो जीवन पद्धति नै हुनसक्छ। अथवा यो केही पनि होइन, आफ्नै दृष्टिदोष अर्थात् हेराइ र बुझाइको दोष मात्र पनि हुनसक्छ। यसरीनै बेलाबखत उ आफनो जीवन उल्टाउँदै पल्टाउँदै समय बिताउछिन्।

***लेखक परिचय: नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा असंख्य लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक।***

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ जेठ २६, June 9, 2026





अन्तिम पातो – शाश्वत शर्मा

# धवल शमशेरको अग्नि परीक्षा

एकमात्र भनिएको राजसंस्थावादी पार्टी राप्रपा फुट्यो । हुन त फागुन २१ को निर्वाचनमा रास्वपाले बम्पर जित निकालेपछि सबैजसो साना ठूला पार्टी फूटको रोगी देखिएका छन् । तथापि गणतन्त्रवादी दलहरू भन्दा राजतन्त्र र हिन्दुवादी पार्टीहरू फुटेको, चोइटिएको वहुसंख्यक नागरिकलाई मन परेको छैन । २०४७ सालमा राप्रपा थापा र चन्द नामका दुई पार्टी खुलेका थिए। त्यसपछि यो पाटीले अनेक टुटफुटको घटना झेल्दै आएका छ् । अहिले त्यस पार्टीका बरिष्ठ नेता धवलशमशेर जबराले करीव दुईसय जना पदाधिकारी र सदस्यहरूका साथ राप्पालाई अभियन्ता दुर्गा प्रसाईसँग पार्टी खोल्ने खुलासा गरेका छन् । बुद्ध, किरात, बैदिक संस्कृति राजासहितको प्रजातन्त्र र सामाजिक न्याय सहितको रूपान्तरणका लागि भनेर गठन गरिएको नाम निर्वाचन आयोगमा दर्ता भइसकेको छैन । सनातनी राष्ट्र कायम गर्न यो नयाँ दल लागि पर्ने मुख्य कार्यक्रम राखिने भनिएको छ । जसमा राजालाई पनि अधिकार दिने कुरा हुनेछ भनिएको छ । राप्रपाले आफ्नो विधानअनुसार काम नगरेको, नेतृत्व बर्ग निरंकूश बनेको, बलमिच्याइ गरेकोजस्ता आरोप लगाएर धवल शमशेरले नयाँ पार्टी गठन गर्न लागेका हुन् । अचम्म छ, धवल शमशेर, दुर्गा प्रसाईले यो पार्टीमा ओली, देउवा, प्रचण्ड बाहेक सबैलाई स्वागत भन्ने उद्घोषण गरेका छन् ।

यो पार्टी घोषणा गर्ने कार्यक्रमपछि राप्रपा अध्यक्ष राजेन्द्र लिंगदेनले राप्रपाका कसिंगर बढार्नुपर्ने थियो, आफै उडेर गए भन्ने टिप्पणी गरेका छन् । स्मरणीय छ, फागुन २१ को चुनावमा ज्ञानेन्द्र शाहीबाहेक कसैले चुनाव जितेनन् भने अधिकांश उमेदवारहरूको जमानतसमेत जफत भएको थियो । पार्टीका तत्कालीन महामन्त्री प्रल्हाद साहको टिप्पणी थियो, राप्रपा जमान जफत पार्टी हो ।

यसपछि गुम्सिएको असन्तुष्टि बाहिर आउन थालेको थियो ।

राप्रपाले सुरेश आचार्यलगायतलाई कारवाहीको डण्डा चलाएको थियो । पार्टीभित्रका अनेकानेक सवालहरू सार्वजनिक भएपछि राप्पाले संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गराउँछ भन्ने जनआशामा तुषारापात हुनपुगेको छ । घटनाक्रमले राप्रपा चरम अवशरवादी पार्टी सावित भइसकेको छ । गणतन्त्रवादी पार्टी टुट्छ, फुट्छ ठूलो कुरा होइन । राजतन्त्र र हिन्दुवादी पार्टी राप्रपा छिन्नभिन्न हुनु, अझ कमजोर भएर जानु भनेको जनआशा र विश्वासमाथिको घात हो । जनता सबैखाले राजतन्त्र र हिन्दुवादी पार्टी र व्यक्ति एक भएको देख्न चाहन्थे, हुन सकेन । राजतन्त्रविरोधीहरू एक हुनसक्ने, राजतन्त्र र हिन्दुवादी फुट्नु दुर्भाग्य हो ।

राप्रपाको अनुहार कस्तो कस्तो ? गणतन्त्र विरोधी, हिन्दुराष्ट्रको पक्षधर भन्ने, संघीयता हटाउनैपर्छ भनेर नथाक्ने तर प्रदेशदेखि संघमा समेत सत्ताको भाग खोज्ने, सहभागी हुने । हिन्दुराष्ट्रका लागि आन्दोलन गर्ने, राजसंस्थाका लागि सडक तताउँछौं भन्ने तर एकदिने आन्दोलन गरेर अब वर्षालाग्यो, चाडबाड आउँछन् अनि आन्दोलन गरौंला भनेर थकाई मार्ने । अझ आनदेलनका कार्यक्रम स्थलमै प्रमुख नेताहरूका वीचमा, कतैबाट आन्दोलनका लागि आएको रकमका लागि झगडा गर्ने । यस्तो गाईजात्रे पाराले राप्रपाले कहिले आफ्नो घोषित नीतिलाई साकार पार्ला र ? यही देखेर, सुनेर पनि राप्रपाले चुनावमा जनसमर्थन पाउन नसकेको हो । जसरी हिजोका दिनमा कांग्रेसले प्रजातन्त्रका लागि र माओवादीले गणतन्त्रका लागि अडान लिएको थियो, त्यस्तो अडान कहाँ देखियो र राप्रपाको, राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापनाका लागि ? अब हेर्नुछ, बडो तामझामपूर्वक गठन गरिएको धवल शमशेर र दुर्गा प्रसाईको सनातनी जोडीलाई । यो जोडी पनि पुषमाघ धान्नसक्ला जस्तो लाग्दैन, विश्वास कसैलाई पनि छैन ।

त्यसो त जहाँ दुर्गा प्रसाई हुन्छन्, त्यहाँ भाँडभैलो छिटो छिटो हुनेगरेको छ । तापनि समय समयमा धेरै नै चोट खाइसकेका हुनाले प्रसाईले पनि त्यस्तो नगलान् कि ? अब बोली र व्यवहारमा संयमित होलान् कि ? हुन नहुनु अनेक घटनाक्रम भइसक्यो, धवल शमशेर र दुर्गा प्रसाईहरूलाई शुभकामा चाहिं सबैले दिऊँ । यिनीहरू घोषित सिद्धान्तमा अडिग रहुन्, संगठन बिस्तार गरून्, सफल होउन् । जसरी राजेन्द्र लिंगदेनले पार्टी सम्हाले, सुरूमा उनको निकै चुरीफुरी थियो । तर समयक्रममा राजेन्द्र र कमल थापा दुबैमा भिन्नता देखिन छाड्यो । सत्ताको चमकमा जो लहसिन्छन्, उनीहरूको राजनीति यसै गरी किनारा लाग्छ । जब राजनीति किनारा लाग्छ, त्यसपछि कसैले उनीहरूको कुरालाई गम्भीरताका साथ लिने गर्दैनन् । धवल शमशेर नयाँ मुसलमान बनेर प्याज धेरै नखाउन् । कतैबाट पैसा ल्याउन र हजम गर्नका लागि पार्टी तोडेको, खोलेको आरोप नलागोस् । यसतिर ध्यान दिन सके धवल र दुर्गा प्रसाईले केही गर्छन् कि भन्न सकिने छ ।

जातीय भेदभाव अन्त्य गरौं,
समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंघन हो– यसको अन्त्य गरौं
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं
- विभेदरहित समाज निर्माणमा सक्रय भूमिका निर्वाह गरौं
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

*समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# सञ्जीवनी बुटी : दिव्य उपदेश

आज नेपाल महाव्याधिको यस्तो गम्भीर र अभिशप्त चेपुवामा उभिएको छ, जहाँ राष्ट्रको भूगोल त जीवित देखिन्छ तर यसको शासकीय, नैतिक र सांस्कृतिक आत्मा भने दिनानुदिन थकित, जीर्ण र मरणशन्न बन्दै गइरहेको छ। बाहिरबाट हेर्दा सिंहदरबार चम्किलो देखिन्छ, सडकमा विलासी गाडीहरुको ताँती छ, र आधुनिकताको नाममा अत्याधुनिक ग्याजेट बोकेका मानिसहरुको भीड छ। तर, यो सतही चमकभित्र एउटा यस्तो भयावह खोक्रोपन र नैतिक खडेरी लुकेको छ, जसले देशलाई भित्रभित्रै ऐंजेरुले झैं खाइरहेको छ।

राजनीतिक अस्थिरताको घिनलाग्दो नौटंकी, नीतिगत भ्रष्टाचारको संस्थागत उत्सव, युवा शक्तिको लामबद्ध लज्जास्पद पलायन, र सांस्कृतिक पहिचानको कौडीको भाउमा भइरहेको लिलामी आजको तीतो नियति बनेको छ। विडम्बना त के छ भने, यो राष्ट्रिय संकटको घडीमा हाम्रा कथित नीतिनिर्माता र बौद्धिक वर्गहरु अझै पनि आयातित सिद्धान्त, वैदेशिक अनुदानका अश्लील सर्त, र विदेशी मोडेलका व्यवस्थाभित्रै समाधानको मरिचिका! खोजिरहेका छन्। आफ्नै घरको आगो निभाउन छिमेकीको आँसु पैँचो माग्ने यो दरिद्र मानसिकताले देशलाई झन् झन् पराधीनता र ऋणको गहिरो खाडलमा जाक्दैछ।

वास्तवमा, दशकौँदेखि नेपालमा व्यवस्था वा तन्त्र परिवर्तनका निम्ति भएका विभिन्न राजनीतिक क्रान्ति, जनआन्दोलन, सशस्त्र विद्रोहदेखि हालैका दिनमा सडकमा पोखिएका जेनजी! आन्दोलन समेत नागरिकमा व्याप्त त्यही चरम निराशा, उपेक्षा र न्यायको तीव्र छटपटीका उपज हुन्। यी आन्दोलनहरुले मुलुकमा व्यवस्था परिवर्तन गरेर नयाँ संविधान र प्रणालीहरु त खडा गरे, तर आम नागरिकको अवस्था परिवर्तन गर्न र उनीहरुको जीवनमा सुखको उज्यालो छर्न भने कत्ति पनि सकेका छैनन्। यो विरोधाभासले प्रमाणित गर्छ कि कुनै पनि राष्ट्रको वास्तविक पुनर्जागरण बाह्य संरचनाको कस्मेटिक फेरबदलबाट कदापि सम्भव छैन। त्यसका लागि त राष्ट्रिय चेतनाको मौलिक रुपान्तरण आवश्यक हुन्छ। यही रैथाने चेतनाको पुनर्जन्मका लागि राष्ट्रनिर्माता श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेश ! आजको नेपालका लागि केवल एक ऐतिहासिक स्मृति मात्र होइन, बल्कि मृतप्रायः राष्ट्रियतालाई ब्युँझाउने एकमात्र अचुक सञ्जीवनी बुटी र कडा वैचारिक औषधी हो।

भूराजनीति र परराष्ट्र नीतिः सन्तुलन र रणनीतिक सजगता

नेपालको भौगोलिक अवस्थिति सधैँ संवेदनशील रहँदै आएको ऐतिहासिक यथार्थ सर्वविदितै छ। दुई ठूला उदयमान महाशक्ति राष्ट्रहरुको बीचमा रहेको नेपालले कस्तो परराष्ट्र नीति अपनाउनुपर्छ भन्ने कुरामा राष्ट्रनिर्माताले अघि सारेको दुई ढुंगाबीचको तरुल को रुपक आजको अत्याधुनिक आणविक र आर्थिक प्रतिस्पर्धाको युगमा पनि उत्तिकै सान्दर्भिक, जीवन्त र मार्गदर्शक देखिन्छ। यो राज्य दुई ढुंगाबीचको तरुल जस्तो रहेछ। चीनको बादशाहसित ठूलो घाहा (मित्रता) राख्नु, दषिनको समुहको बादशाहसित घाहा ता राख्नु तर त्यो महाचतुर छ।

आजको जटिल विश्व राजनीतिक सन्दर्भमा यस दिव्यवाणीलाई गम्भीरतापूर्वक व्याख्या गर्दा हामीले हाम्रा दुवै छिमेकी राष्ट्रहरुसँग सन्तुलित, समदूरीको, परिपक्व र असंलग्न कूटनीतिक सम्बन्ध राख्नुपर्ने अनिवार्यता देखिन्छ। कुनै एक छिमेकी कार्ड खेलेर अर्को छिमेकीलाई शंकास्पद रुपमा चिढ्याउने अदूरदर्शी गल्ती कतैबाट पनि हुनु हुँदैन। नेपाललाई वैदेशिक सैन्य रणनीति वा साम्राज्यवादी भूराजनीतिक प्रतिशोधको अखडा बन्नबाट जोगाउन हाम्रा कूटनीतिज्ञहरुमा उच्च तहको रणनीतिक चातुर्य आवश्यक भइसकेको छ।


यहाँ दक्षिणतर्फका शासकहरुसँग सन्धिसम्झौता गरी प्रगाढ मित्रता राखे पनि उनीहरुको छिपेको रणनीतिक महत्त्वाकांक्षाप्रति सधैँ सजग र सचेत रहनुपर्छ भन्ने मर्मको गहिरो अर्थ लुकेको छ।

भूराजनीतिक सन्तुलनमा हुने सानो कूटनीतिक त्रुटि वा असावधानीले पनि राष्ट्रको सार्वभौमिकतालाई नामेट पार्न सक्छ। तसर्थ, वैदेशिक सहयोग वा विकास अनुदानका नाममा भित्रिने रणनीतिक सर्तहरु र दीर्घकालीन सम्झौताहरुलाई देशको राष्ट्रिय सुरक्षाको कठोर तराजुमा राखेर मात्र परिमार्जन र स्वीकार गर्नुपर्छ। राष्ट्रिय सुरक्षा र कूटनीतिमा आउने सानो दरारले पनि सिंगो देशको अस्तित्व नै संकटमा पर्न सक्छ भन्ने चेतावनीलाई आत्मसात् गर्दै नेपालले एक अविचलित, स्वतन्त्र र तटस्थ राष्ट्रको रुपमा विश्वमञ्चमा आफ्नो दरिलो उपस्थिति जनाउनु आजको मुख्य आवश्यकता हो।

सामाजिक सद्भाव र राष्ट्रियताः असली हिन्दुस्तानको पहिचान :

वर्तमान नेपालको अर्को सबैभन्दा कुरुप, पीडादायी र संवेदनशील पक्ष भनेको जात, भाषा, क्षेत्र, र राजनीतिक आस्थाका नाममा सनातनदेखि मिलेर बसेको नेपाली समाजलाई टुक्राटुक्रा पार्ने सस्तो एवं विषाक्त पहिचानवादी राजनीति हो। केवल भोटको घिनलाग्दो खेती गर्नका लागि वर्षौंदेखिको सामाजिक सद्भाव, आपसी सहिष्णुता र साम्प्रदायिक एकतालाई आगो लगाउने संकीर्ण राजनीतिक नेतृत्वले बुझ्नुपर्ने शाश्वत सत्य दिव्य उपदेशमा यसरी लिपिबद्ध भएको छ।

यो राज्य भनेको चार जात छत्तीस वर्णको साझा फूलबारी हो, यसलाई सबै मिलेर सम्हाल्नुपर्छ।




विविधताभित्रको सुन्दर एकता नै यो देशको मूल सौन्दर्य र अभेद्य शक्ति दुवै हो भन्ने कुरालाई बिर्सेर आज राज्य सञ्चालकहरु विदेशी एजेन्डाको भारी बोकिरहेका छन्। पृथ्वीनारायण शाहले यो देशलाई कुनै एक निश्चित जात, धर्म वा वर्गको संकुचित पेवा मानेनन्, बरु भूगोलभित्र बस्ने सबै नागरिकको समान हक र अपनत्व भएको एउटा विशाल साझा फूलबारी को संज्ञा दिए। कसैलाई पनि पाखा र कसैलाई काखा नगरी सबैको सांस्कृतिक पहिचानको संरक्षण, सम्बर्द्धन र समतामूलक विकास गर्नु नै आधुनिक कल्याणकारी राज्यको मूल धर्म हो भन्ने मार्गदर्शन यसले प्रदान गर्दछ।

यसका साथै, दिव्य उपदेशले नेपाललाई असली हिन्दुस्तान् को रुपमा गौरवका साथ परिभाषित गरेको पाइन्छ। यहाँ हिन्दुस्तानु भन्नुको कुनै संकुचित, साम्प्रदायिक वा राजनीतिक अर्थ होइन, बल्कि यो त वेदव्यासको पावन तपोभूमि, शाक्यमुनि बुद्धको शान्तिभूमि, देवर्षि र राजर्षिहरुको चिन्तनभूमि एवं योग र अध्यात्मको शाश्वत उद्गमस्थल ( देवभूमि) को मौलिक पहिचान हो। आधुनिकता र पश्चिमाकरणको अन्धो, विवेकहीन अनुकरण गर्ने नाममा आज हामीले आ नै रैथाने मौलिकता, सनातन मूल्यमान्यता र सांस्कृतिक धरोहरको निर्मम श्राद्ध गरिरहेका छौँ।

दिव्य उपदेशको यो आध्यात्मिक मर्मले हामीलाई कडा चेतावनी दिँदै स्मरण गराउँछ कि विकास र समृद्धि भनेको आफ्ना ऐतिहासिक जराहरु काटेर आकाशमा महल बनाउने मूर्खतापूर्ण प्रयास कदापि होइन। बरु यो त आ नो मौलिक, सांस्कृतिक र ऐतिहासिक जगलाई अभेद्य र बलियो बनाएर त्यसमाथि मात्र आधुनिक भविष्यको भव्य निर्माण गर्ने सचेत प्रक्रिया हो। त्यसैले, आयातित विकृतिहरुलाई त्याग्दै नेपालको रैथाने आध्यात्मिक र सांस्कृतिक पहिचानको पुनर्जागरण गर्नु नै आजको राष्ट्रियताको वास्तविक रक्षा कवच हो।

अर्थतन्त्र र आत्मनिर्भरताः स्वदेशी पुँजी र स्रोतको संरक्षण :

आज हामी जुन चरम आर्थिक परनिर्भरता, गम्भीर तरलता संकट र अर्बौंको व्यापार घाटाको दलदलमा फसिरहेका छौँ, त्यसको अचुक र व्यावहारिक औषधि सदियौँ अघि नै दिव्य उपदेशमा स्पष्ट रुपमा लिपिबद्ध भइसकेको थियो।

हाम्रो वर्तमान आर्थिक नीति विदेशी वस्तुहरुको उपभोगमा टिकेको छ । जसको कडा प्रतिवाद गर्दै राष्ट्रनिर्माताले भनेका थिए, आफ्नो देशको कपडा बुन्नु र लगाउनु, देशको पैसा विदेश जान नदिनु। विदेशी व्यापारीहरुलाई देशभित्र पस्न नदिनु, उनीहरुले देशको आर्थिक जग खोक्रो बनाउँछन्।

आज हामी सियोदेखि धागोसम्म, र सामान्य चामलदेखि महँगा विलासिताका सामानसम्म आयात गरेर अत्यन्त गर्वका साथ परनिर्भरताको आत्मघाती उत्सव मनाइरहेका छौँ। देशको अर्बौं रुपैयाँ स्वदेशी पुँजी सामान्य उपभोग्य वस्तु आयात गर्दा विदेश पलायन भइरहेको छ। वैदेशिक बहुराष्ट्रिय कम्पनीहरुको अन्धो र विनायोजनाको प्रवेशले हाम्रा रैथाने घरेलु उद्योग, परम्परागत सीप र साना व्यवसायहरु पूर्ण रुपमा ध्वस्त भएका छन्। यदि हामीले समयमै यस उपदेशलाई आत्मसात् गर्दै स्वदेशी उत्पादन, साना तथा मझौला कृषि उद्योग र रैथाने शिल्पकलालाई राज्यस्तरबाटै ठोस प्रोत्साहन गरेको भए आज हाम्रा औद्योगिक क्षेत्रहरु मरुभूमि जस्ता बन्द हुने थिएनन् र देश वैदेशिक ऋणको भयानक पासोमा पर्ने थिएन।

हाम्रो प्राकृतिक स्रोतको दोहन र अव्यवस्थित सहरीकरणले कृषि क्षेत्रलाई संकटमा पारेको छ, जसबारे दिव्य उपदेशमा भनिएको छ, खानी भएको ठाउँमा गाउँ भए पनि गाउँ अन्यत्र सारेर खानी उत्खनन गर्नु, खेतीयोग्य जमिनमा घर नबनाई त्यसलाई अन्न उत्पादनमा लगाउनु।

यो दूरदर्शी भू(उपयोग नीतिलाई कुल्चेर आज हामीले हाम्रा अत्यन्तै उर्वर फाँटहरु, काठमाडौं उपत्यकाका ऐतिहासिक कृषियोग्य जमिनदेखि तराईका अन्नभण्डारहरुलाई प्लटि र कङ्क्रिटको कुरुप जङ्गलमा परिणत गरिसकेका छौँ। परिणामस्वरुप, एउटा घोषित कृषिप्रधान देश भएर पनि वार्षिक अर्बौं रुपैयाँको खाद्यान्न आयात गर्नुपर्ने लज्जास्पद र विडम्बनापूर्ण स्थिति खडा भएको छ। अर्कोतर्फ, हाम्रा बहुमूल्य खनिज, जडीबुटी र खानीहरु सही पहिचान र वैज्ञानिक उत्खननको अभावमा अलपत्र अवस्थामा छन्। रैथाने प्राकृतिक स्रोतको बुद्धिमत्तापूर्ण उपभोग गरेर र युवाहरुलाई देशभित्रै रोजगारी दिएर जनतालाई समृद्ध र आत्मनिर्भर बनाउने बलियो आर्थिक संकल्पको खडेरी आज मुलुकको नीतिगत तहमै स्पष्ट देखिन्छ।

सुशासन र न्याय :

आज नेपालको न्यायप्रणाली र समग्र प्रशासनतन्त्र कुन हदसम्म भ्रष्ट, राजनीतिकरणको सिकार र शिथिल बनेको छ भन्ने कुरा आम नागरिकमा जगजाहेर नै छ । सुधार जरुरी छ।

